## अन्त्य होला युक्रेन युद्ध ?

काठमाडौं । फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्राँ र चीनका उच्च कूटनीतिज्ञ वाङ यीबीच युक्रेनमा 'शान्ति स्थापनाका लागि' योगदान गर्न सहमति भएको फ्रान्सका राष्ट्रपतिको कार्यालयले बिहीबार जनाएको छ ।

मस्कोको महत्वपूर्ण सहयोगी रहेको र करिब एक वर्षअघि युक्रेनमाथि भएको आक्रमणको निन्दा नगरेको बेइजिङले रुसलाई वार्ताको टेबलमा फर्कन दबाब दिनेछ भन्ने विश्वास आफूलाई रहेको म्याक्राँले बताएका छन् ।

बुधबार पेरिसमा म्याक्राँ र वाङले युद्ध र यसले अति जोखिममा रहेका मुलुकमा पार्ने बाँकी ८ पेजमा

जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal National Weekly
राष्ट्रिय साप्ताहिक

## दाहाल–ओली गोप्य वार्ता



काठमाडौं । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' र नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीबीच हिजो बालुवाटारमा लामो वार्ता भएको छ । प्रधानमन्त्रीको सरकारी निवासमा उनीहरूबीच गोप्य वार्ता भएको हो । भावी राष्ट्रपतिबारे फरक–फरक कोणबाट चर्चा भइरहेका बेला सत्तारूढ दलका दुई शीर्ष नेता लामो छलफलमा जुट्नुलाई अर्थपूर्ण रुपमा लिइएको छ । एमालेले पूर्वसहमति अनुसार अबको राष्ट्रपति बाँकी ८ पेजमा


वर्ष ११ अंक ३२, २०७९ साल फागुन ५ गते शुक्रबार, नेपाल संवत् ११४३ (Feb. 17, 2023) Website : www .greaternepal .com .np मूल्य रु. १० ।–

# गणतन्त्र नेपालमा राष्ट्रिय प्रजातन्त्र दिवस ?

काठमाडौं । हरेक वर्ष फागुन ७ गतेलाई सरकारले राष्ट्रिय प्रजातन्त्र दिवस मानेर सार्वजनिक बिदा दिने गरेको छ । नेपालको संविधान २०७२ ले मुलुकलाई गणतन्त्रात्मक संघीय राज्य घोषणा गरेको छ । यस अर्थमा नेपाली जनता रैतीबाट नागरिक बनेकोमा अपार उल्लासका साथ गणतन्त्र दिवस मनाउनु मनासिब नै हो । किनकि सामन्तवादको प्रतीक राजतन्त्र ढलेको र मुलुक पूर्ण लोकतान्त्रिक भएको दिनलाई स्मरण गर्नैपर्छ । विश्वका लोकतान्त्रिक मुलुकहरूमा गणतन्त्र दिवस मनाउने अभ्यास रहँदै आएको छ ।

राणा, कांग्रेस र राजाको सहमतिमा भारतको रोहवरमा भएको २००७ सालको क्रान्तिको समापनले जनताको शासन स्थापना गरेन । जहाँ राजतन्त्र हुन्छ त्यहाँ जनतालाई प्रजा शब्दले सम्बोधन गरिन्छ । अहिले देश गणतन्त्रात्मक हुँदा पनि प्रजातन्त्र शब्दावली प्रयोग गरेर राष्ट्रिय दिवस मनाउनु नेपाली जनताको अपमान गर्नु होइन र ? गणतन्त्रात्मक मुलुकमा जनता कसरी प्रजा हुन्छन् ? के मुलुकको सर्वोच्च पद राष्ट्रपति राजाको पर्यायवाची शब्द हो ? नेपाली जनता कसका प्रजा ? अनि किन मनाइँदैछ प्रजातन्त्र दिवस ? २००७ सालको अपूर्ण क्रान्तिले नेपाली जनतालाई के दियो ? फागुन ७ गतेलाई सम्झनुपर्ने कुनै कारण छैन । न त यो इतिहासको उथलपुथलकारी कुनै घटना भएकै दिन हो । यो दिन त जनतालाई धोका दिएको षड्यन्त्रवादी दिन हो । गणतन्त्र चाहिरहेका जनतामाथि निरंकुश राजतन्त्र थोपरिएको दिन । राणाहरूको शिरबाट श्रीपेच खोसेर नेपाली जनताले शाह राजाको शिरमा सजाउन आन्दोलन गरेका थिएनन् ।

२०६२–६३ सालको जनआन्दोलनले निरंकुश राजतन्त्रको अन्त्य भयो । यो आन्दोलनको जग दिल्लीमा गरिएको माओवादी र सातदलीय संसदवादी दलबीचको १२ बुँदे सहमतिले उठाएको थियो । भारत जसरी पनि नेपालमा राजतन्त्रको अन्त्य चाहन्थ्यो । नेपालमा राजाहरू वीरेन्द्र र ज्ञानेन्द्रले भुटानका तत्कालीन राजा वाङचुक



बन्द नचाहेकै कारण भारत नेपालमा गणतन्त्र स्थापना गरी 'प्रो इन्डियन' सरकार स्थापना गर्न चाहन्थ्यो । कथित माओवादी जनयुद्ध त्यसकै एक श्रृंखला थियो । संविधानसभाको पहिलो बैठकले नेपाललाई गणतन्त्र घोषणा गऱ्यो । हरेक बैशाख ११ गते लोकतन्त्र दिवस राज्यले मनाउँदै आएको छ ।

लोकतन्त्र दिवस र प्रजातन्त्र दिवस एउटै हो । अंग्रेजीमा डेमोक्रेसी भनिन्छ दुवै शब्दावलीलाई । २००७ साल फागुन ७ गतेको दिनलाई स्मरण गरी राष्ट्रिय प्रजातन्त्र दिवस मनाउनुले देशमा राजतन्त्रको हयाङ बाँकी रहेको किन नभन्ने ? राजा त्रिभुवनलाई पनि प्रातःस्मरणीय राष्ट्रपिता भने भैगो नि । २००७ साल फागुन ७ गते उनैले राणा शासनको अन्त्य गरेको घोषणा गरेका थिए । सो दिनको शाही घोषणामा उनले संविधानसभाको चुनाव गरी गणतन्त्र दिनेसमेत भनेका थिए । तर राजा त्रिभुवनले न त संविधान सभाको निर्वाचन न देशमा गणतन्त्र स्थापना हुनै दिए । बरु त्रिभुवनले सम्भावित गणतन्त्रका लागि हुने जनआन्दोलनको भयले भारतीय हस्तक्षेपलाई नेपालमा सतहमा देखिने गरी निम्त्याए । उनले आफ्नो निजी सचिवसमेत भारतीयलाई बनाए ।

उत्तर प्रदेशका तत्कालीन गृहसचिव गोविन्दनारायण राजा त्रिभुवनका निजी सचिवका रुपमा नारायणहिटी प्रवेश गरे । तत्कालीन भारतीय राजदूत चण्डेश्वर नारायण नेपालको मन्त्रिपरिषद्को बैठकमा सहभागी भएर भारत अनुकूलका निर्णयहरू गराउन थाले । त्यसबेला प्रजातन्त्र आएको होइन, राणाको ठाउँमा राजाको हुकुमी शासन स्थापना भएको हो । दिल्ली सम्झौता धोका हो भनेर जनस्तरबाट व्यापक विरोध भएको थियो । प्रधानमन्त्री मोहनशमशेर बनाइए भने गृहमन्त्री बीपी कोइराला । युवा विद्यार्थीहरूले दिल्ली सम्झौताको विरोधमा भूगोलपार्कमा विशाल ¥याली निकाले । त्यस ¥यालीमाथि गृहमन्त्री बीपीले हिंसात्मक दमन गर्न निर्देशन दिए । छात्र नेता चिनियाँकाजी भूगोलपार्कमै ढालिए । अर्कोतिर डा.केआई सिंहले दिल्ली सम्झौता विरुद्धको जनआन्दोलनको नेतृत्व गरे । उनलाई पक्रन खोजिएपछि उनी पोखरा हुँदै चीनतिर शरण लिन पुगे । सेती खोलाको फलामे साँघु अहिले पनि चीन पलायनको साक्षी छँदैछ ।

उता पश्चिम नेपालमा भीमदत्त पन्तको नेतृत्वमा दिल्ली सम्झौताको विरोधमा किसान आन्दोलन चर्कियो । आन्दोलनलाई दमन गर्न राजा त्रिभुवनले भारतलाई गुहारे । वि.सं. २००८ सालमा मेजर जीए परम्जायको नेतृत्वमा १९७ जना भारतीय मिलिटरी मिसन नेपाल भित्रियो । भारतीय मिलिटरीले किसान आन्दोलनका नायक भीमदत्त पन्तको क्रुरतापूर्वक हत्या गऱ्यो । किसान आन्दोलन दबाइयो । वि.सं. २००८ देखि २०१० सम्म नेपालका लागि भारतीय राजदूत रहेका चण्डेश्वर नारायणको निर्देशनमा राजा त्रिभुवन हिँडिरहे । सन् १९५० को सन्धि गरेबापत तत्कालीन भारतीय प्रधानमन्त्री नेहरूले पुरस्कारका रुपमा मोहन शमशेरलाई जनआन्दोलन (२००७) पछिको पहिलो प्रधानमन्त्री बनाउन राजा त्रिभुवनलाई सहमत गराएका बाँकी ८ पेजमा

## सांसद भण्डरीको अवस्था नाजुक



काठमाडौं । खाना पकाउने एलपी ग्यासको सिलिन्डर विस्फोट हुँदा घाइते भएका गुल्मी क्षेत्र नं. १ का सांसद चन्द्र भण्डारीको स्वास्थ्य अवस्था जटिल भएकाले थप उपचारका लागि नेपाल बाहिरको सुविधासम्पन्न अस्पतालमा लैजान चिकित्सकहरूले सिफारिस गरेका छन् । हिजो घरमा ग्यास विस्फोट हुँदा उनी र उनकी आमा हरिकला भण्डारी घाइते भएका थिए ।

कीर्तिपुर अस्पतालले बिहीबार बिहान विज्ञप्ति जारी गर्दै 'हालको स्रोत र साधनको अवस्थामा उहाँहरूको यथोचित उपचार नेपालमा सहज नहुने देखिएकोले देशबाहिर सुविधा सम्पन्न स्वास्थ्य संस्थामा यथाशीघ्र स्थानान्तरण गर्न सिफारिस गरिन्छ' भनेको छ ।

काठमाडौं बुद्धनगरस्थित घरमा बुधबार राति साढे बाँकी ८ पेजमा

## फोहोर समस्या : समाधान कहिले ?



काठमाडौं । काठमाडौं महानगरले सात महिनादेखि स्रोतमा फोहोर वर्गीकरण गरी अन्तिम व्यवस्थापन गर्ने भने पनि प्रभावकारी कार्यान्वयन हुन सकेको छैन । फोहोर व्यवस्थापन कार्य प्रभावकारी बनाउन कामपाले गत साउन १ देखि स्रोतबाटै कुहिने र नकुहिने फोहोर वर्गीकरणको काम थाल्यो । कामपाको ३२ वटै वडामा अझै उक्त किसिमले फोहोरको वर्गीकरण हुन सकेको छैन । सुरुमा केही दिन नगरवासीले घरबाट नै वर्गीकरण गरी ल्याउने गरे पनि अहिले सबै किसिमको फोहोर एउटै भाँडोमा राखेर व्यवस्थापनको काम भइरहेको छ ।

कामपा वातावरण विभाग प्रमुख रवीनमान श्रेष्ठका अनुसार अहिले पनि केही वडाबाट फोहोर वर्गीकरण गरी ल्याइन्छ । केही वडाबाट सबै फोहोर एकै ठाउँमा राखेर व्यवस्थापन गर्नुपरेको छ ।

तत्कालका लागि स्थान अभावकै कारणले यो काम प्रभावकारी हुन नसकेको बताइएको छ । अन्तिम फोहोर व्यवस्थापन स्थानमा फरक किसिमले व्यवस्थापनको प्रबन्ध गरेसँगै पुनः साउन पहिलो साताझैं स्रोतमा नै फोहोर छुट्याएर काम हुने विश्वास कामपाको छ ।

कामपाको कुल ३२ मध्ये भित्री नौ वडाबाहेक अन्यमा निजी कम्पनीको सहकार्यमा फोहोर व्यवस्थापन हुँदै आएको छ । वर्गीकरण योजना सबै वडामा लागू गरिएको छ । हरेक दिन उपत्यकाबाट १ हजार २ सय मेट्रिक टन फोहोर बञ्चरेडाँडामा व्यवस्थापन हुँदै आएको छ । त्यसमध्ये सबैभन्दा बढी कामपाको पाँच सय मेट्रिक टन फोहोर जान्छ । निजी क्षेत्रबाट व्यवस्थापन हुने र कामपाको गरी दैनिक कम्तीमा दुई सय गाडीले फोहोर ओसार्छन् ।

अन्तिम फोहोर व्यवस्थापन स्थान बञ्चरेडाँडामा दैनिक एक हजारदेखि १ हजार २ सय मेट्रिक टनसम्म फोहोर जाने गरेको छ । उपत्यकाको १८ पालिकाको फोहोर दैनिकरूपमा उक्त स्थानमा पुग्छ । सुरुमा गोकर्ण, सिसडोल हुँदै अहिले बञ्चरेडाँडामा फोहोर व्यवस्थापन गरिँदै आएको हो ।०६८ सालमा सरकारले जारी गरेको फोहोरमैला व्यवस्थापन ऐन र ०७७ सालमा काठमाडौं महानगरले जारी गरेको वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐनबमोजिम सहरी सरसफाइ र स्वच्छताका लागि दायित्व पूरा नगर्नेलाई जरिवाना गर्ने कानुनी व्यवस्था रहेको छ । ऐनमा फोहोरलाई स्रोतमै छुट्याउने दायित्व उत्पादकको हुने व्यवस्था छ । यसअनुसार उत्पादकले भान्सामा जैविक र अजैविक फोहोरलाई बाँकी ८ पेजमा

## शंकराचार्य काठमाण्डौमा



काठमाडौं । महाशिवरात्रिका मुख्य पाहुना भारतको जगन्नाथपुरीस्थित गोवर्द्धन मठका शङ्कराचार्य निश्चलानन्द सरस्वती स्वामी काठमाडौं आइपुग्नु भएको छ ।

तीन दिने लिङ्गपुराण, वेदपुराण, वेद, संस्कृत आचरण, वैदिक गणित' प्रवचन तथा व्याख्यात्मक बाँकी ८ पेजमा

## श्रमिक अधिकार संरक्षण गर्न माग

संयुक्त अरब इमिरेट्स दुबईमा भएको सरकार प्रमुखहरूको वल्र्ड गभरमेन्ट समीटमा नेपाल सरकारले आफ्ना श्रमिकको सुरक्षाका लागि श्रम गन्तव्यका सरकारले ध्यान दिनुपर्ने माग गरेको छ । नेपालबाट सुरक्षित गएका श्रमिक विभिन्न समस्यामा पर्ने गरेकाले आफ्ना श्रमिकका बारेमा ध्यान दिन नेपालले अनुरोध गरेको हो ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा सचिव एकनारायण अर्यालले नेपाली श्रमिकहरूले विभिन्न बहानामा समस्या भोगिरहेकाले उनीहरूको सुरक्षा र संरक्षणमा सम्बन्धित देशका प्रमुखहरूले ध्यान दिनुपर्ने बताए । सचिव अर्यालले आप्रवासी नेपाली श्रमिकको हकहित संरक्षणका लागि सम्बन्धित देशको सरकारले विशेष बाँकी ८ पेजमा

## अखिलमा चुनाव

काठमाडौं । नेकपा एमाले निकट विद्यार्थी संगठन अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (अनेरास्ववियु) को नेतृत्व छान्नका लागि निर्वाचन भएको छ ।

अध्यक्षका लागिमा वरिष्ठ उपाध्यक्ष आरसी लामिछाने, महासचिव समिक बडाल र उपाध्यक्ष मोती विकले उम्मेदवारी दिएका छन् । अध्यक्ष मण्डलका सदस्य खिमलाल भट्टराईका अनुसार बिहीबार बाँकी ८ पेजमा

## अखाद्य चामल भेटियो



काठमाडौं । विश्व खाद्य कार्यक्रम (डब्लूएफपी) ले नेपाललाई अनुदानस्वरुप दिन ल्याएको चामल खान अयोग्य (कुहिएको) फेला परेको छ । डब्लूएफपीले नेपालका विभिन्न जिल्लामा वितरण गर्ने उद्देश्यले इटालीबाट आयात गरी ल्याएको चामल कुहिएको फेला परेको हो ।

नेपालका विभिन्न जिल्लाका सर्वसाधारणलाई वितरण गर्न डब्लूएफपीले इटालीबाट ल्याएको चामल नेपालगन्ज भन्सार नाकामार्फत भित्र्याउने प्रक्रियामा थियो । त्यसैक्रममा भन्सार कार्यालयले गुणस्तर परीक्षण गर्दा चामल कुहेको र खान अयोग्य देखिएको हो । नेपालगन्ज भन्सार कार्यालयले १७ माघमा डब्लूएफपीले आयात गरेको चामल खान योग्य छ–छैन भन्दै बाँकी ८ पेजमा

## कालो धनलाई सेतो बनाइँदै

काठमाडौं । स्रोत नखुलेको (अवैध) सम्पत्तिलाई कर तिरेर वैध बनाउन सरकारले कानुन संशोधनको प्रस्ताव गरेको छ । गैरकानुनी रूपमा उच्च राजनीतिक नेतृत्व, व्यापारी र भ्रष्ट कर्मचारीले कमाएको सम्पत्तिलाई वैध बनाउन सघाउ पुग्नेगरी 'सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन' सम्बन्धी केही ऐन संशोधन गर्न बनेको विधेयक संसदमा प्रस्तुत गरिएको छ ।

कानुन, न्याय तथा संसदीय मामिलामन्त्री ध्रुवबहादुर प्रधानले बुधबार संसदमा प्रस्तुत गरेको विधेयकले विनासंशोधन कानुनी मान्यता पाए स्रोत नखुलेको सम्पत्तिलाई कर तिरेर वैध बनाउन बाटो खुल्नेछ । विधेयकमा स्रोत नखुलेको सम्पत्तिलाई कर तिरेर वैध बनाउन सकिने प्रावधान राखिएको छ ।


आन्तरिक राजस्व विभागले करसम्बन्धी कसुर गरे वा नगरेको यकिन गरी त्यस्तो कसुर गरेको नपाइएमा त्यस्तो व्यक्तिको सम्पत्तिलाई चालु आर्थिक वर्षको आय मानी प्रचलित कानुनबमोजिम अधिकतम कर निर्धारण गरी असुल गर्नुपर्ने बाँकी ८ पेजमा

## शिवरात्रिको महिमा र व्रतको प्रभाव

■ तोयराज नेपाल

काठमाडौं । शिवरात्रिको व्रत 'निशीथव्यापी' अर्थात् जुन दिन मध्यरातमा फाल्गुन कृष्ण चतुर्दशी तिथि पर्छ, त्यसै दिन गनुपर्दछ । अर्धरात्रियुता यत्र माघकृष्णचतुर्दशी । शिवरात्रिव्रतं तत्र सोऽश्वमेधफलं लभेत् ॥ यहाँ अमान्त मानले माघकृष्ण भन्नाले पूर्णान्त मानले फाल्गुन कृष्ण चतुर्दशीलाई लिनुपर्दछ । शिवरात्रिको व्रत गर्दा अश्वमेध यज्ञ गरेसरह फल प्राप्त हुन्छ भनिएको छ । यदि यो व्रत आइतबार र मंगलबार पऱ्यो भने अझ उत्तम मानिएको छ । यस विषयमा पार्वतीले शिवजीलाई सोध्नुभएको र त्यसको उत्तरमा शिवजीले पार्वतीलाई व्रतको महात्म्य बताउनुभएको छ । नैमिषारण्य क्षेत्रमा सूतजीले शौनकादि ८८००० ऋषिहरूलाई बताउनुभएको कथा यस प्रकार छ :

दान, यज्ञ, तपस्या र अरू विभिन्न व्रतबाट जुन पुण्य प्राप्त हुँदैन, त्यो पुण्य शिवरात्रिको व्रतबाट प्राप्त हुन्छ ।



ज्ञानपूर्वक वा अज्ञानवश नै भए पनि यो व्रत गरिन्छ भने ती प्राणीहरू मोक्ष भई शिवलोकमा प्राप्त हुन्छन् ।

यस विषयमा एउटा उपाख्यान यस्तो छ :

अघि कुनै समयमा पहाडका फेदीमा बस्ने एउटा व्याधा थियो । त्यो व्याधा सधैं पशु–पंक्षीहरूको हिंसागरी पशुपक्षी मारेर परिवार पाल्दथ्यो । त्यो व्याधा एकपटक शिवरात्रिका दिन बिहानै उठेर सिकार खेल्न भनी निस्कियो । शिवरात्रि भन्ने उसलाई थाहै थिएन । जंगलमा सिकार खोज्दा कुनै सिकार भेटेन । शीतले भिजेर स्नानगरेझैं भयो, केही खानेकुरा न भेटेर उपवास भयो, यताउती डुल्दा र केही सिकार नभेट्दा हैरान भएर खुब्र्य गर्दै हरे शिव !! हरे शिव !! भनेको हुँदा शिवजीको नामकीर्तन भयो, जंगलका माझमा शिव लिंग थियो । शिकारको खोजीमा त्यो शिवलिंगका वरिपरि घुम्दा प्रदक्षिणा भयो । त्यतिकैमा उसका साहूहरूले भेटेर पैसा माग्दा दिन नसकेपछि शिव मन्दिरमा लगेर थुने । भोक र थकाइले गर्दा बारम्बार शिव ! शिव ! भन्दा शिवजीको बारम्बार कीर्तन भयो ।

त्यस मन्दिरमा शिवरात्रिका व्रतीहरूले गरेको शिवको पूजा आराधना पनि देख्यो र भक्तहरूले गाएको- ॐ नमः शिवाय ! यो पञ्चाक्षर मन्त्र र अरू शिवजीका स्तोत्र र कथाहरू पनि सुन्यो । शिवका भक्तहरूको दर्शन भयो । साँझमा शिव मन्दिरमा भक्तहरूले गरेको आरती पनि देख्यो । साँझ परेपछि भोलि पैसातिर्ने सर्तमा साहूहरूले छोडिदिए । अनि त्यो व्याधा सिकारको खोजीमा जंगलमा खुवसँग घुम्यो । कतै सिकार नपाएर रित्तै घर जाउँ भने परिवार भोकै छन्, आशा गर्छन् । यहाँ तलाउ रहेछ, यो तलाउमा पानी खान पक्का पनि मृगहरू आउँछन्, त्यसकारण यसैका छेउमा छाप्रो हालेर लुकेर बस्छु भनी झाडीमा जान बाटो बनाउँदा र कुटिया बाँकी ८ पेजमा




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल
कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाई
प्रबन्ध सम्पादक
कृष्णराज दुलाल
प्रबन्ध निर्देशक
किरण थापा
अतिथि सम्पादक
विष्णु भट्टराई
सहसम्पादक
घनश्याम ओली
संवाददाता
रामशरण रिमाल
सहायक सम्पादक/संवाददाता
गोविन्द विक

आजीवन सल्लाहकार
योगाचार्य वासुदेव ढकाल, डा. द्वारिकानाथ ढुंगेल, प्रा.डा. चन्द्रबहादुर जोशी, प्रा.डा. तुलसी पाठक, प्रा.डा. पार्थिवेश्वर तिमिल्सिना, प्रा.डा. नोवेलकिशोर राई, प्रा.डा. पिताम्बर रावल, प्रा.डा. मुकुन्द रञ्जित, श्री बुद्धिनारायण श्रेष्ठ, श्री घनश्याम राजकर्णिकार, प्रा.डा. त्रिविक्रम भट्टराई, श्री युवराज भुसाल, डा. रोशना श्रेष्ठ, ई.श्री नरेन्द्रभूपाल मल्ल श्री सुष्मा वज्राचार्य, ई. ध्रुव थापा, श्री उर्मिला जोशी, श्री वीरेन्द्रकुमार सिंह, श्री माधवप्रसाद उपाध्याय ढुंगेल, श्री खगेन्द्र ढकाल, श्री पुण्यप्रसाद पौडेल, डा. रीता सिंह (हमाल), श्री योगेन्द्रनाथ सुवेदी, श्री सम्झना पोखरेल (शाह), श्री कञ्चनमणि दीक्षित, श्री कृष्णहरि बाँस्कोटा, श्री प्रकाश शर्मा, डा. नर्बदा थापा, डा. शंकरप्रसाद सुरी, प्रा.डा. भरत पहारी, श्री सुनिता खनाल (प्याकुरेल) आ. रूपेश श्रेष्ठ

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४४९६८१८,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
Visit : www .youtube .com Surendra Dhakal Social Activist

## सम्पादकीय

# मूल्यवृद्धि बढ्ने संकेत

नेपाल राष्ट्र बैंकले चालु आर्थिक वर्ष ०७९/८० को दोस्रो त्रैमासिक अवधिको अपेक्षित मुद्रास्फीति सर्वेक्षणको नतिजा सार्वजनिक गरेको छ ।

राष्ट्र बैंकले गत पुस २४ देखि ३० गतेसम्म देशभरका विभिन्न ६० वटा बजार क्षेत्रमा दुई हजार १० जना उत्तरदातासँग गरिएको सर्वेक्षणको नतिजा बुधबार सार्वजनिक गरेको हो ।

मुद्रास्फीति अपेक्षा सर्वेक्षण प्रतिवेदनअनुसार सर्वेक्षणमा सहभागी अधिकांश व्यक्तिले मूल्यवृद्धि अझै बढ्नसक्ने धारणा दिएका छन् । आगामी तीन महिना र एक वर्षभित्रको मूल्यवृद्धि अनुमान गर्न भनिएको प्रश्नावलीमा अधिकांशले मूल्य बढ्ने जवाफ दिएको राष्ट्र बैंकले जनाएको छ । '८६ दशमलव ६ प्रतिशत उत्तरदाताले आगामी तीन महिनामा मूल्य वृद्धि हुने अपेक्षा गरेका छन् । त्यसैगरी ९२ दशमलव ३ प्रतिशत उत्तरदाताले आगामी एक वर्षमा मूल्यवृद्धि हुने अपेक्षा गरेका छन्', राष्ट्र बैंकको सर्वेक्षण प्रतिवेदनमा भनिएको छ ।

आगामी दिनहरूमा गैरखाद्य सामग्रीको तुलनामा खाद्य सामग्रीमा उच्च मूल्यवृद्धि हुने अनुमान यो सर्वेक्षणबाट गरिएको छ । 'माछा, मासु, दूध, घ्यू तेल र होटल तथा रेस्टुराँबाहेकका सबै खाद्य उपसमूहमा अबको तीन महिनामा मूल्यवृद्धि हुने अपेक्षा गर्ने उत्तरदाताको हिस्सा गत असोजको तुलनामा बढेको छ', सर्वेक्षणमा भनिएको छ । गैरखाद्य वस्तु तथा घरजग्गा क्षेत्रमा भने अबको तीन महिनामा हुने मूल्य वृद्धिको अनुमान गत असोजमा गरिएको सर्वेक्षणको तुलनामा घटेको छ ।

सर्वेक्षणअनुसार आगामी तीन महिना र एक वर्षपछिको मध्यक (मेडियन) अपेक्षित मुद्रास्फीति गत असोजको तुलनामा समान रहेको छ भने तीन महिनापछिको औसत र एक वर्षपछिको औसत अपेक्षित मुद्रास्फीति घटेको छ । 'तीन महिना र एक वर्षपछिको मध्यक अपेक्षित मुद्रास्फीति क्रमशः १० प्रतिशत र १२ प्रतिशत रहेको छ', राष्ट्र बैंकको सर्वेक्षणमा भनिएको छ ।

बजारको ब्याजदर तत्काल घटाउन नसकिने बैंकरहरूले बताएका छन् । बुधबार एक कार्यक्रममा नेपाल बैंकर्स संघले अध्यक्ष सुनिल केसीले बाह्य क्षेत्र अझै दबाबमै रहेकाले तत्काल ब्याजदर घटाउन नसकिने बताएका हुन् ।

गत आर्थिक वर्षको तुलनामा बाह्य क्षेत्रमा सुधार देखिए पनि चुनौती अझै कायमै रहेको, सरकारी ढुकुटी समेत ऋणात्मक भएकाले तरलतामा चाप अझै पर्ने उनले बताए । सरकारी ढुकुटीमा राजस्व अपुग भएपछि विदेशी दातृ निकायबाट ऋण ल्याएर वा आन्तरिक ऋण उठाउनुपर्ने हुन्छ । अहिले ऋण कुल गार्हस्थ उत्पादनको ४८ प्रतिशत नाघिसकेको छ ।

त्यस्तै विदेशी ऋण ल्याउनका लागि समय र प्रक्रिया लामो हुने भएकाले तत्कालै सरकारी ढुकुटीको घाटा पूर्ति गर्न आन्तरिक ऋण उठाउनुको विकल्प नरहेको केसीले बताए । राजस्व बढाउन आयात समेत बढाउनुपर्ने र आन्तरिक ऋण उठाउने कार्यले बजारमा तरलताको चाप अझै बढ्ने संघको अनुमान छ । संघका अनुसार १८ लाख ३३ हजार कर्जा खाता छन् भने चार करोड ८३ लाख २४ हजार निक्षेप खातावालहरू छन् ।

# फेरि पनि मेरै भविष्यवाणी सुल्टो हुने



सुरेन्द्र ढकाल





२०६० को दशकको शुरुवातसँगै जब राजा ज्ञानेन्द्रले आफैं मन्त्रिपरिषदको अध्यक्ष बनी पञ्चायती पाराले १४औं अञ्चलमा अञ्चलाधीश भर्ना गरी पुनः निरकुंश शासन व्यवस्था सुरु गरे कट्टर राजतन्त्रवादीहरूले दुई महेन्द्र बराबर एक ज्ञानेन्द्र भन्दै उनलाई उकास्ने काम गरे । त्यतिखेरै यस पंक्तिका लेखकले अब काटिने पालो आफ्नै भन्दै ज्ञानेन्द्रकै कदमको कारण राजतन्त्र ढल्ने उद्घोष गरेको थियो । हुन पनि पञ्चायत शैलीमै शासन सुरु गरी उनले स्थानीय तहको चुनाव पनि गराए तर त्यसमा कुनै दल सहभागी भएनन्, त्यसको ठीक विपरीत हिजो संवैधानिक राजतन्त्र हाम्रो आदर्श भन्ने ठूलाठूला दलहरूसमेत माओवादी कित्तामा उभिन पुगे ।

उता चीनलाई सार्कमा ल्याउनुपर्छ भन्दै काठमाडौंको लाजिम्पाटमा रहेको दलाई लामाको कार्यालय बन्द गरी राजा ज्ञानेन्द्रले चीनलाई खुसी बनाउन त खोजे तर भारत र अमेरिका चिढियो जसको फलस्वरुप भारतकै अगुवाइमा भएको नयाँ दिल्ली सम्झौताले राजतन्त्र बढारिदियो । यस पंक्तिका लेखकले गरेको भविष्यवाणी शतप्रतिशत सत्य सावित भयो ।

देशीय समान्तवादको समाप्ती र गणतन्त्र अनि भारतीय अर्धऔपनिवेशिक दादागिरीको अन्त्य गर्ने भन्दै सुरु भएको तथाकथित जनयुद्ध जब अन्त्यमा गएर भारतकै इसारामा सुरु, विकास अनि समापन भएको रहेछ भन्ने कुरा छर्लंगियो, माओवादीहरूले नेपाली जनतालाई भेडा बनाएका रहेछन् भन्दै यस पंक्तिका लेखकले माओवादी आन्दोलन संसदीय भाषमा गएर जाकिई अवसान हुने भविष्यवाणी गर्‍यो, त्यो पनि कालान्तरमा सत्य सावित हुँदै गइरहेको छ ।

गत चुनावमा यस पंक्तिका लेखकले पनि काठमाडौं एक नम्बर क्षेत्रबाट चुनावमा सहभागिता जनाएको थियो । राष्ट्रवाद, पर्यावरण, सादगी, पारदर्शी र सक्षम नेतृत्वको पक्षमा, भ्रष्टाचार र असक्षमताको विरुद्ध कडा एजेण्डा दिएर चुनावमा होमिदा मतदाता सचेत रहेछन् भने उनीहरूले मलाई सहजै चुनावमा विजय गराउने लख काटेको थिएँ मैले । यदि मतदाताहरूले मलाई नजिताई पुरानैलाई जिताए भने सडक बल्ने छ, ठूला राजनीतिक दलका हेडक्वार्टरहरू क्रमशः ध्वस्त हुनेछ भनेको थिएँ मैले । नभन्दै प्रधानमन्त्री प्रचण्डकै छेवमा एक नागरिकले आत्मदाह गरी सडक बाल्न सुरु गरेको छ । उनले आत्मदाह गर्दाकै बेलामा प्रधानमन्त्री प्रचण्डको गाडी त्यहीँबाटै गुज्रनु फगत संयोग मात्रै थियो त ? अवश्यै थिएन, त्यो सफल हुन्थ्यो भने आत्मघाती विस्फोट हुन्थ्यो, असफल भयो त्यसले आत्मदाहको नाम पायो । अब बल्ने सडकलाई कुनै शक्तिले पनि रोक्न सक्तैन भन्ने कुरा आगामी दिनहरूले प्रमाणित गर्ने नै छन् ।

रवी लामिछाने राष्ट्रवादी पत्रकार भन्दै मेरो सम्पादन र प्रकाशनमा रहेको ग्रेटर नेपाल साप्ताहिकले आफ्नो दोस्रो वार्षिकोत्सवमा उनलाई दोसल्ला ओढाई सम्मान गरेको थियो । त्यसलाई गुन सम्झनु त कता हो कता बरु त्यसको ठीक विपरीत मेरो विरुद्ध पुकार बम भन्ने केटोलाई चुनावमा उठाएपछि मैले रवीले चुनाव त जित्ला, मन्त्री त बन्ला तर त्यो मुतको न्यानो हुनेछ भनेर लेख छापेको थिएँ । त्यो भविष्यवाणी पनि शतप्रतिशत सत्य सावित भयो ।

भ्रष्टाचार गर्नु भनेको आमाको रगत खानु बराबर हो भन्दै हिन्दु राज्य र राजतन्त्रको पुनर्वहाली र संघीयताको अन्त्यको नारा दिँदै लिङदेनको नेतृत्वमा चुनावमा होमिएको राप्रपाले चुनावी जित त हासिल गर्‍यो, अब सडक र संसदलाई तताएर दबाब दिई संसदमा संविधान संसोधनको प्रस्ताव राप्रपाले प्रस्तुत गर्ने छ भन्ने त्यस दललाई मत दिने मतदाताहरूले सोचेका थिए । तर व्यवहारमा लिङदेन कमल थापाकै लाइनमा उभिएर राष्ट्रघाती र भ्रष्टाचारीहरूको सरकारमा उपप्रधानमन्त्री खान जानु अनि भ्रष्ट ठेकेदार भनी कुख्यात भएका व्यक्तिलाई सोही मन्त्रालयको जिम्मा सुम्पिनुले उनीहरू साँच्चै आमाकै रगत खानै भनेर चुनावमा होमिएका रहेछन् भन्ने कुरा प्रमाणित भएको छ । यससँगै राजेन्द्रको पनि रवीकै हविगत हुने कुरा अब डाइलुट हुने पालो दुई 'र' को भनेर मैले भविष्यवाणी गरिसकेको छु । त्यो पनि अब छिट्टै शतप्रतिशत सत्य सावित हुँदै छ ।

देशमा तथाकथित भारतीयहरूले उचालेको जनयुद्ध चलिरहँदा र गणतन्त्रको पक्षमा आन्दोलन उत्कर्षमा पुगिरहँदा खड्ग ओली नामधारी एउटा जन्तुले माओवादीहरू आतंककारीहरू हुन् र गणतन्त्र माग्नु भनेको बयल गाढा चढेर युरोप अमेरिका पुग्न खोज्नु जस्तै हो भन्थे उनी । त्यही माओवादीसँग उनको कहिले मिलन र कहिले विछोड भइरहँदा देशले राजनीतिक अस्थायित्वको पीडा भोगिरहेको छ ।

कांग्रेसले राष्ट्रपति र प्रधानमन्त्री दुबै लिन खोज्दा प्रचण्डलाई प्रधानमन्त्रीको चिठ्ठा परेजस्तै सभामुख र राष्ट्रपति दुवै चाहँदा एमाले जिल्लिन जाने र रामचन्द्रले राष्ट्रपति बन्न पाउने माहोल देखेपछि एमाले अब कसैलाई पनि राष्ट्रपति बन्न नदिने खेलमा उत्रिएको छनक देखिँदै छ । एमाले केन्द्रीय समितिको सदस्यका नेतृत्वमा मेची पुलमा राजा ज्ञानेन्द्रसहितको राजपरिवारको जनसागर बीच भएको भव्य स्वागतले यही कुरा इंगित गर्दछ । त्यसो भयो भने फेरि पनि मेरै भविष्यवाणी सुल्टो हुने संकेत देखिँदैछ ।

# देशको हिजो आजको प्रसंग : रबि लामिछाने



अम्बराज मिश्र



हाम्रो देशका उप- प्रधान तथा गृह मन्त्री एवम राष्ट्रभक्त नागरिक श्री रबि लामिछानेप्रति मेरो ऐकबद्धता छ । म बिल्कुलै त्यस पार्टीको नभए पनि उनको नागरिक र राष्ट्रप्रतिको बफादारीजन्य कार्यलाई कोटी कोटी नमन गर्न चाहन्छु । उनलाई मैले राष्ट्र र नागरिकप्रतिको जिम्मेवारी बोध भएको र गफले हैन गरेर देखाउने नेताको रुपमा पाएको छुँ । हामी नागरिकले पनि राष्ट्रको हितमा काम गर्न सक्नु पर्दछ । आफूले गर्न सकिँदैन भने पनि गर्नेलाई साथ र सहयोग दिनु पर्दछ भन्ने मान्यता मेरो हो ।

पद र पैसाको सबैलाई आवश्यक हुन्छ । तर पद हत्याउन र पैसा कमाउन अरुलाई बिगारेर, राष्ट्र दोहन गर्नु हुँदैन । त्यसबाट प्राप्त हुने पद र पैसाले कुनै अर्थ राख्दैन भन्ने बुझाई रहँदारहँदै पनि गरिने हर्कतहरूको काम पापिष्टहरूले मात्र गर्दछन, राजनीतिज्ञले गर्नु हुँदैन भन्ने आम बुझाई छ । यहाँ त जसले जति बिगार्न सक्यो उति नै ठूलो मान्छे हुने चलनले गाँजेको छ । त्यस्तैले पुरस्कार स्वरुप पद र पैसा कमाउँछन ।

सत्य, तथ्य काम गर्नेहरू सधैं पछि पारिएको यत्रतत्र सर्वत्र देख्दैछौं, सुन्दै आएका छौं ।

रविजीको राष्ट्रप्रतिको मोह, नागरिकप्रतिको आस्थाले आफूले पाएको वैदेशिक नागरिक र कमाई लत्याएर आफ्नै देशलाई सजाउने मनसुवा बोकेर आएका राष्ट्रभक्त नागरिक हौं भन्न मन लागेको छ । आफ्नो नितान्त व्यक्तिगत स्वार्थलाई लत्याएर सार्वजनिक जीवनमा होमिएको देख्दा आफूलाई पनि जाउँ जाउँ लागेर आउँछ, तर पारिवारिक समस्याले ग्रस्त छु, आँटै आउँदैन । अमेरिका जस्तो संसारकै रमणीय तथा शक्तिमान देशको नागरिकता त्यागेर नेपाली नै हुने मन बोकेर आएकोमा रबिजीलाई सलाम गर्दछु ।

रबि ३ करोड नेपालीहरूको युवाशक्तिको आँटिला युगपुरुष हुन् । कतिऔं झट्का पाइसकेका छन् र पनि किंचित बिचलित छैनन् । काठमाडौंको नागरिकता पाएका रवि चितवनको नागरिकको अपनत्व बनेका छन्, ज्यानको बाजी लगाएर रविलाई साथ दिएका छन् ।

रविलाई साथ र भोट दिनेहरू अमेरिकाबाट ल्याएका होइनन् । नेपालकै काँग्रेस, एमाले, माओवादी आदिका कार्यकर्ता आफ्नै दलको नेताको हर्कत देखेर वाक्कदिक्क भएका कार्यकर्ताहरू नै भोटर र सारथी बनेका छन् । रबिका भोटरहरू आयातित होइनन्, अमेरिकन होइनन् ।

हिजोआज फेरि पनि रबि कांग्रेस, एमाले र माओवादीका जालमा फँसेका छन् । जतिखेर जहिल्यै पनि रबिलाई नै किन पासो थापिन्छ ? रबिभन्दा अरु धेरै त्यस्ता नेताहरू पनि छन्, जो राष्ट्रघातीहरू हुन् । जहाजमा भ्रष्टाचार, सरकारी जग्गा हडप्ने, सुनलाई पित्तलमा परिणत गर्ने, एनसेल प्रकरणमा सौदाबाजी, एमसीसी भित्र्याउने, अरुण तेस्रो जलविद्युत परियोजनाको बाँडफाँडमा भाग नमिल्ने जस्ता अरु धेरैका मालिक भनाउँदाहरूको पर्दाफास हुने डरले रबिको सबै योजनाहरू भताभुङ्ग पार्ने उद्देश्यले अनेकन प्रप्रोगण्डा झिकेर फसाइन्छ । यो नागरिकता प्रकरण मात्र अन्तिम होइन, अरु धेरै खाले ढाड खुस्कने खालका भित्री तानाबुना बुनिन्दै छ भनिन्छ ।

हिजोआज मात्र होइन, सदिऔंदेखि नेपाली जनजिब्रोले बोल्दै आएको भनाइ 'सतिले सरापेको देश' भन्ने वाक्यांश आज पनि उत्तिकै सान्दर्भिक देखिन्छ । देश र जनताको लागि भनेर जुर्मुराउने युवाहरूलाई किन एकपछि अर्को पीडाजन्य बितण्डा थोपरिन्छ ? यसको खास रहस्य के हुन सक्छ ?

रबिजस्ता युवाहरूलाई हौसला दिन छाडेर के गर्न खोजिँदै छ देशलाई ? भन्ने बेलामा प्रजातन्त्र, लोकन्त्र र गणतन्त्र भन्ने व्यवहारमा चाहिँ किन उल्टो गर्ने ?

गगनझैं, विश्वप्रकाशझैं रबिझैं, सिकेझैं, ज्ञानेन्द्रझैं, युवाहरू र आँटिला जोसिला देशभक्त प्रेम सँजेल, कुलमान घिसिङ्ग, महावीर पुन जस्ताहरूको काम जस्तै देश र जनताका बारेमा अरु एमाले, कांग्रेस, माओवादीका नेता तथा कार्यकर्ताहरूले राम्रो काम गर्न मिल्दैन ?

कांग्रेसका युवाहरू गगन, विश्वप्रकाश, एमालेका भीम रावल, झाँक्री, बिष्ट एवम माओवादीका नेत्रविक्रम चन्द जस्ताहरूको जनता र नागरिकको भलो गर्ने कामको आफै फलो गर्न किन चाहँदैनन ?

यो कस्तो गणतन्त्र हो ? दिन रात खाली कमाउने दुलो खोज्छन्, लुटतन्त्र मात्र मच्चाउन खोज्छन्, प्रशंसनीय काम गरेर देखाउने समयको दुरुपयोग गर्दैछन् । जनतामा बितृष्णा फैलिँदै छ भन्ने हेक्का पनि राख्दैनन् । आफ्नै कार्यकर्ताहरू युवाशक्तिहरू पलायन हुँदै जाँदैछन् भन्ने पनि सोच नभएका नेताहरूको पथ छाड्दै गर्दा रहँदै गरेको गणतन्त्रको कालान्तरमा हविगत के होला ? सबै दलका नेताहरू सत्ताको लागि गठबन्धन गर्ने बुद्धि आएझैं विकासे कामको लागि गठबन्धन किन हुँदैन ?

# हाम्रो सामाजिक सक्रियता

## सुरेन्द्र ढकाल प्रतिष्ठान तथा बानेश्वर एकता समाजबीचको सहकार्य

**सुरेन्द्र ढकाल**

सहरी विकास द्रुतगतिले बढ्न थालेपछि आफ्नो टोलवासी बीचमा नै चिनजान भेटघाट पातलो हुँदै गएको परिप्रेक्ष्यमा बिरामी पर्दा गाह्रो साह्रो पर्दा एक्लो महसुस हुन थालेपछि स्थानीय युवा विराट खड्का (उत्तम) र प्रेम महर्जनको सक्रियतामा हरिभक्त मानन्धर, किरण खरेल, दिलसुन्दर श्रेष्ठ, दिलबहादुर श्रेष्ठ, हरिबहादुर थापा, बलराम केसी, लक्ष्मीकृष्ण महर्जन, मकरबहादुर पण्डित क्षेत्री, सिद्धि महर्जन, ध्रुव थापालगायतले महादेवस्थानदेखि अन्तर्राष्ट्रिय सभा सम्मेलन केन्द्रका ३५ घरहरू मिलेर करिब एक वर्षको गृहकार्यपश्चात २०६२ सालमा बानेश्वर एकता समाज नामको स्थानीय गुठीको रुपमा संस्था स्थापना भयो।

यस संस्थाको प्रथम अध्यक्षको रुपमा ध्रुव थापा, उपाध्यक्ष सिद्धि महर्जन र सचिव विराट खड्का रहनुभएको थियो। २०६९ सालमा जिल्ला प्रशासन कार्यालय काठमाडौंमा संस्था दर्ता गर्दा सिद्धि महर्जन अध्यक्ष रहनुभएको थियो भने २०७८ सालको साधारण सभाबाट बच्चुराम पण्डित क्षेत्री अध्यक्ष, रामेश्वर थापा उपाध्यक्ष, ज्ञानुराजा मानन्धर सचिव रहनुभएको छ।

जन्मकालदेखि नै सडक बत्ती, सरसफाइ र सुरक्षा गार्ड राखेर समेत टोलको हितमा काम गरिरहेकोमा भूकम्पजस्तो भयानक अवस्थामा समेत समाज एकबद्ध भई सराहनीय काम गरेको थियो। कोरोनाको महामारीमा समेत निशुल्क खाना वितरण गरेको र डेंगु रोगविरुद्ध औषधी छर्ने काम गरेको थियो। समाजले महिलाहरूका लागि अचार, चुरापोते बनाउने, कौशी खेतीको लागि मल बनाउने तालिमहरू विभिन्न संघसंस्थाहरूको सहकार्यमा सम्पन्न गरेको छ।

समाजले टोलवासी ज्येष्ठ नागरिकहरूको सम्मान गर्ने, गणतान्त्रिक व्यवस्था लागू भएपछि संविधान सभाका सदस्य, प्रतिनिधि सभा र प्रदेश सभाका सदस्यहरूलाई आमन्त्रण गरी शुभकामना तथा बधाई आदानप्रदान कार्यक्रम निरन्तर रुपमा गर्दै आएको छ। राष्ट्रिय अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगिताका पदक विजेता टोलवासी युवाहरूको सम्मान तथा दसैं तिहारजस्ता महान चाडपर्वमा मूल सडकमा माला बत्ती बालेर सडक टोल सिंगार्ने कार्य गर्दै आएको छ। यसैगरी वार्षिक रुपमा क्यालेण्डर प्रकाशन गरी टोलमा वितरण गर्ने कार्य पनि गर्दै आएको छ।

बानेश्वर एकता समाजले आफ्ना क्रियाकलाप आफ्नो टोलमा मात्रै सीमित नगरी दुर्गम ग्रामीण क्षेत्रमा समेत विभिन्न शैक्षिक सामाजिक काम गर्न सफल भएको छ। जसअनुसार ललितपुर दुग्धेश्वर बेनीचौर आधारभूत विद्यालय, मकवानपुर दामनको तामाङ गाउँस्थित कल्याण प्राथमिक विद्यालयका गरिब विद्यार्थीहरूलाई न्यानो कपडा, कापी, कलम, खेलकुद सामग्री वितरण आदि कार्यहरू पर्दछन्। कोरोनाकालमा रामेछापको ग्रामीण इलाकामा स्वास्थ्यचौकीहरूको लागि बेड पनि उपलब्ध गराएको छ। पञ्चकुमारी गुठीबाट पञ्चकुमारी मन्दिर निर्माण गर्दा यस समाजले सक्रियताका साथ आर्थिक सहयोग गरेको थियो। त्यसैगरी महादेवस्थान व्यवस्थापन समिति र वडा कार्यालयको अनुरोधमा यस समाजका सदस्यहरूले स्वयंसेवी भई विभिन्न कार्यक्रममा सहभागिता जनाएका छन्।

**सुरेन्द्र ढकाल प्रतिष्ठानसाग आवद्धता र सहकार्य**


यसैगरी बानेश्वर एकता समाजले २०७९ सालदेखि समाजसेवामा कार्यरत संस्था सुरेन्द्र ढकाल प्रतिष्ठानसँग सहकार्य सुरु गरी त्यसलाई निरन्तरता दिन प्रतिष्ठानसँग आवद्ध भएको छ। जसअनुरुप प्रतिष्ठानबाट समाजले रु. १ लाख २ हजारको फर्निचर, भान्साको सामान, एम्प्लिफायर भाँडाकुँडा प्राप्त गरेको छ। प्रतिष्ठानसँग आवद्ध भएको कारण प्रतिष्ठानले समाजलाई वार्षिक रुपमा सानो ठूलो सहयोग गर्दै आएको छ। समाजको सामाजिक कार्यले स्थायित्व






# साइकल यात्रासँगै रक्तदान गर्दै सन्तोष

**प्रस्तुति : विष्णु गिरी निश्चल**






काठमाडौं। वातावरण संरक्षणमा जनचेतना जोगाउने उद्देश्यसहित मोरङ जिल्ला उर्लाबारी नगरपालिका बडा न ३ मङलबारेमा युवा सन्तोष गिरीले मेची– महाकाली साइकल यात्रा पूरा गरेका छन्। झण्डै एक महिनामा साइकल यात्रा पूरा गरेको सन्तोषको टिमले आन्तरिक पर्यटन प्रवर्द्धनमा टेवा पुर्‍याउने उद्देश्य समेत राखेको थियो।

मानवता बचाउँ भन्ने अभियानका साथ जहाँ जहाँ साइकल यात्रमा पुगे, त्यहाँ त्यहाँको स्थानीय निकाय, स्थानीय संघसंस्थाको समन्वयमा रक्तदान कार्यक्रमको पनि आयोजना गरे। जसलाई नेपाल रेडक्रस सोसाईटीले पनि सहयोग गरेको थियो। सन्तोषको टोली विश्व साइकल यात्री अजित बराल अनि सन्देश सुबेदीको टोलीले साइकल यात्रा गरेको हो।

सूचना प्रविधिका विद्यार्थी रहेका सन्तोषले हेराल्ड कलेज, नक्सालबाट आईटीमा स्नातक समेत गरेका छन्। नेपालमा विभिन्न भौगोलिक, राजनीतिक, पर्यटकीय तथा सांस्कृतिक क्षेत्रलाई प्रर्वदन गर्ने साइकल यात्रा उद्देश्य रहेको सन्तोष भनाइ छ। मेची महाकाली साइकल यात्राको सफलतापछि पनि सन्तोषले आई डेर नो ड्रग भन्ने कार्यक्रममा सहभागि हुन काठमाडौंदेखि पोखरासम्म साइकलयात्रा गरे। त्यस्तै सेभ ग्लोबल वामिङ भन्दै काठमाडौं चितवन हुँदै हेटौंडासम्म साइकलमै पुगे र बीच बीचमा वृक्षारोपण समेत गरे। सन्तोषले वातावरण संरक्षणको लागि भन्दै काठमाडौंबाट बनेपा काशिभञ्जयाङसम्म साइकलयात्रा गरेर दर्जनौं बिरुवा रोप। सो क्रममा निम एभोकार्डो, बर, पिपल लगायतका बिरुवा रोपे।

आन्तरिक पर्यटन प्रवर्द्धनमा साइकल पर्यटनको विकाश गर्ने सन्देश दिन पनि साइकलयात्रा गर्ने गरेको सन्तोष भनाइ छ। नेपालमा साइकल चलाउनेहरूलाई गरिब हो भनेर सोच्नु वा आर्थिक हैसियत कमजोर भएकाहरूले मात्रै साइकल चलाउँछन् भन्ने चिन्तन रहनु गलत बुझाइ भएको सन्तोषको भनाइ छ।

समाजका लागि केही गर्नुपर्छ भन्ने हुटहुटी भएका सन्तोषले जब अजित बराललाई भेटे, त्यसपछि उनलाई साइकलयात्राको माध्यमबाट पनि समाजलाई सकारात्मक सन्देश प्रवाह गर्न सकिने ठानेर साइकलयात्रामा जुटेको बताए। मेची महाकाली साइकल यात्राको क्रममा सन्तोषको टिमले साइकलयात्रा मात्र गरेन स्थानीय संघसंस्था र रेडक्रसको सहयोगमा एक दर्जनभन्दा बढी स्थानमा रक्तदान कार्यक्रमको आयोजना गरी ५५८ युनिट रगत जम्मा गरे। जुन संकलित रगतबाट सयौंको जीवनसमेत बचाउन सकिएको सन्तोषको भनाइ छ।

यात्राका क्रममा उनीहरूले विर्तामोड, दमक, उर्लाबारी, धरान, जनकपुर, हेटौंडा, बुटवल, कपिलवस्तु, दाङ, तुल्सीपुर, नेपालगञ्ज, महेन्द्रनगर लगायतका विभिन्न सहरमा रक्तदान कार्यक्रम गरेका थिए। दुर्घटनामा रगतको अभावमा धेरैले ज्यान गुमाएको कुरालाई मध्यनजर गर्दै रक्तदान कार्यक्रमलाई पनि साइकलयात्रासँगै जोडेर लगेको सन्तोषको भनाइ छ। रक्तदान यात्राको सफलता र गिरीको सकारात्मक प्रभाव पार्ने निरन्तरको प्रयासले धेरैलाई प्रेरित गरेको छ।

सन्तोषका अनुसार साइकल चलाउँदा वातावरण प्रर्दशन नहुने, पेट्रोल नचाहिने हुँदा पैंसा पनि वचत हुने तथा मानिसको स्वास्थ्य पनि राम्रो हुन्छ। साइकलमा नेपालको राष्ट्रिय झण्डा बोकेर राष्टिय एकताको सन्देश समेत प्रबाह गरेको साइकलयात्री गिरीको भनाई छ। साइकल यात्रामा निस्किएका सन्तोषले अरुले सजिलै प्राप्त गर्न नसक्ने सफलता र अनुभव हात पारेका थिए। आफ्नो छुट्टै र आकर्षक परिचय बनाएका उनले आफूले जुन कार्य गरे पनि साइकल यात्रालाई भने कहिल्यै नछोडने बताए।


नेपाल ओलम्पीक कमिटी साईकिलीङ प्लेयरको परिचय पत्र समेत पाएका सन्तोषले युवा तथा खेलकुद मन्त्रालय राष्टिय युवा परिषद अन्तर्गत प्रदेश युवा क्लव संञ्चालका सदस्य समेत हुन्। सन्तोषको बिहानीको यात्रा साइकलबाट सुरु हुन्छ। नेपालका लागि साइकल यात्री तथा सामाजिक अभियन्ताका रुपमा परिचित सन्तोषको धेरैजसो साइकल यात्रीसँग सम्बन्ध पनि बनाएका छन्।

पछिल्लो समय उनी पर्यटन प्रवर्द्धनमा पनि त्यत्तिकै सक्रिय छन्। सबैलाई साइकल चढ्न उनी आह्वान पनि गर्छन्। अहिलेको काठमाडौंको समस्या विषाक्त वायु प्रदूषण, ध्वनि प्रदूषण, भयावह सडक दुर्घटना, विकराल ट्राफिक जाम यी यावत समस्याको समाधान साइकलयात्राले मात्र गर्न सक्ने सन्तोषको बुझाइ छ। गाउँमा होस् या सहरमा साइकल संस्कृतिको विकास गर्नुपर्ने आवश्यकता रहेको सन्तोषको भनाइ छ। यसमा सरोकारवाला सबै अग्रसर भएर लाग्न आवश्यक रहेको उनको जोड छ। सहरलाई स्वस्थ बनाउन सहरलाई सुन्दर बनाउने आन्दोलन हो' उनले भने, 'यो साइकल ऱ्याली मात्र होइन। साइकल मैत्री शहरको परिकल्पनामा जोड दिनु अहिलेको आवश्यकता हो यसले मानव स्वास्थ्य मात्र हैन वातावरण प्रदुशणलाई समेत कम गराउँछ।

सन्तोष लगायको टिमको साईकल अभियान सफल बनाउन नेपाल रेडक्रस सोसाईट, नेपाल प्रहरी, पेन्क कस्टम, कान्तिपथ साइकल सोसाईटीका विभिन्न स्थानका कमिटीहरू स्थानीय क्लव संघसंस्था तथा आम सर्वसाधारणको सबैको साथ रहेको थियो।

# नेपाली कलाकर्मी मनोनित





काठमाडौं। 'निफ' को जुरीमा नेपालबाट अभिनेत्री प्रियंका कार्की र माया एकेडेमीका इन्द्रलाल बलामी मनोनित हुनुभएको जानकारी दिँदै निफले एक विज्ञप्ति प्रकाशित गरेको छ। निफका अध्यक्ष केपी पाठकद्वारा हस्ताक्षरित विज्ञप्तिमा भनिएको छ- 'आउँदो चैत २ देखि ६ गते (मार्च १६-२०) सम्म हुने छैटौं 'नेपाल अन्तर्राष्ट्रिय चलचित्र महोत्सव' (निफ) को दुई जुरी कमिटीमा दुईजना नेपाली कलाकर्मी मनोनित हुनुभएको जानकारी गराउँछौं। 'निफ'को जुरीमा चर्चित अभिनेत्री प्रियंका कार्की फिचरतर्फको जुरी सदस्यमा र माया एकेडेमीका इन्द्रलाल बलामी छोटा र बृत्तचित्र जुरी कमिटीमा मनोनित भएको पनि जानकारी गराउँछौं। कार्की यस्ती अभिनेत्री हुन् जसले दर्जनौं चलचित्रमा अभिनय गरेर लोकप्रियताको शिखर चुम्न सफल छिन्। त्यसैगरी माया एनिमेसन एकेडेमी र माया स्टुडियोका संस्थापक निर्देशक इन्द्रलाल बलामी चलचित्रको प्राविधिक पक्षलाई स्तरीय बनाउन तारिफयोग्य भूमिका निर्वाह गर्दै आएका छन्।

यस बर्ष 'निफ' मा छनौट भएर दोस्रो चरणमा आइपुगेका ३५ देशका ९५ लामा, छोटा, डकुमेन्ट्री तथा एनिमेटेड चलचित्र मध्येबाट ७ विधामा १४ वटा पुरस्कार वितरण गरिने छ। 'निफ' मा एक दर्जन बढी रचनात्मक कार्यक्रम (गोष्ठी, अन्तरक्रिया) समेत आयोजना गरिने छ।'

लघुकथा

# भाउजु

सानु शर्मा

काका ! यो दाइ तपाईंलाई खोज्दै आउनुभा'छ, मैले माइलो काकाको नातिले औंल्याएतिर हेरें ।एकैछिन यस्तो लाग्यो, म ऐनामा आफैंलाई हेरिरहेछु । तर, होइन ! मेरो यो रूप कहिल्यै थिएन । मैले केही बोल्नुभन्दा पहिल्यै त्यो युवक मेरो खुट्टामा घोप्टियो ।

को हौ बाबु ? काँबाट आयौ ? मलाई कसरी चिन्छौ ? मैले उसको टाउकोमा हात राख्दै सोधें । निकै बेर मेरो खुट्टामा घोप्टिएर टाउको उठाउँदा उसका आँखा सजल थिए । किन-किन मलाई ती आँसु भरिएका आँखाहरू एकदमै परिचितझैं लागे । मैले फेरि उसलाई सोध्न खोजें । तर, त्योभन्दा पहिले उसले मलाई अँगाल्यो र मेरो छातीमा टाँसियो । मेरो मुटु नराम्रोसँग हल्लियो । मन गाँठो परेको डोरीझैं भयो । मैले उसलाई आफूबाट पर धकेल्न खोज्दै भनें, के गरेको बाबु यो ? को हौ तिमी ?

उसले रुँधिएको कण्ठले भन्यो, म ताराको, तपाईंकी भाउजूको छोरा । मेरो मुटु उफ्रेर मुखबाट बाहिर निस्कन खोज्यो । मैले भएभरको शक्ति बटुलेर उसलाई पर धकलें । धेरैबेर उसलाई नियालेर हेरें । यतिबेलासम्म उसका आँखा वर्षिन सुरु गरिसकेका थिए । मैले भक्कानिँदै उसलाई अँगालें । लाग्यो- वर्षौंपछि श्रापमुक्त भएँ म । मेरी भाउजूको अंश मेरो अँगालोमा थियो, मतलब मैले क्षमादान पाएँ अब ।

० ० ०

आज तेस्रो दिन थियो आमालाई कुरेर बसेको ।तपाईं जेसुकै भन्नुस् माल्दाइ, जेठाको मुख नहेरी भाउजूको परान जाँदैन, काकाले बिस्तारै भने । बाले असहाय भावले खुइय गर्दै भन्नुभयो, खै, खबर त गरेकै हो । टेलिफुनाँ कुरा गर्दा जसरी नि आउँला भन्थ्यो, टाढाको कुरो के हो के हो ! उसो त आमा प्रायः बिरामी भइरहनुहुन्थ्यो । तर, यसपटक उहाँ बाँच्ने आशा कसैलाई थिएन । त्यसैले पनि कसैले उहाँलाई सहर लैजाने कोसिस गरेनन् । यस्तो गलेको ज्यानले म डोकाँ बोकिएर सहर पुग्दै पुग्दिनँ, बरु सालिकेलाई आएर मुख देखाएर जा भन्दिनुस् सालिकेको बा, मेरो परान सुबिस्ताले जान्थ्यो ।

आमाले मान्दै मान्नु भएन डोकोमा बोकिएर जान । बाका अरु ३ भाइले पनि बालाई अन्तिम अवस्थामा कहीं नलैजान सल्लाह दिए । मभन्दा ९ वर्ष जेठो मेरो दाइ शालिकराम अमेरिका भासिएको १० वर्ष भइसकेको थियो । मलाई त राम्ररी याद पनि थिएन ऊ कसरी पुगेथ्यो त्यहाँ तर मलाई ऊ हिँड्ने बेलामा आमा रोएको, बाले उसलाई सम्झाएको भने याद थियो ।

आफूभन्दा नौ वर्ष जेठो दाइ मेरो लागि बासमान नै थियो । म बासँगझैं ऊसँग पनि उत्तिकै डराउँथें त्यो बेला । मेरा उमेरका साथीहरूले 'बालाई भन्दिउँ ?'भन्दा बरु म त्यति डराउँथिनँ जति 'दाइलाई भन्दिउँ ?'भन्दा डराउँथें । बाले त बरु मेरो बदमासी सुनेर पनि कहिलेकाहीँ हाँसेर टारिदिनुहुन्थ्यो तर दाइले मेरो कान निमोठेर रातै पारिदिन्थ्यो ।

१९ वर्षको उमेरमा घर छोडेर हिँडेको दाइ पूरा १० वर्ष घर आएन । ६ वर्षसम्म त उसको कुनै सन्चो/बिसन्चोको खबरसम्म पाउन सकेनौं । तर ४ वर्षअघि तल फाँटको अरबे साहूको पसलमा फोन आएदेखि बाले चारचौरास दौडेर उसको खोजखबर गर्नुभो । दुई वर्षअघि दाइले मोबाइल पठाइदिएकोले ऊसँग प्रायः कुरा भइरहन्थ्यो अब । बा-आमा उसलाई 'घर आइज, आएर बिहे गर्न भन्दै किचकिच गरिरहनुहुन्थ्यो । ऊ 'हस् हस्' भनेर टारिरहन्थ्यो ।

मेरो त ऊसँग बोल्ने हिम्मत हुन्थेन तर ऊ मलाई 'राम्ररी पढ, राम्ररी एसएलसी पास गर् अनि म तँलाई मसँगै यहाँ ल्याउँछु' भन्थ्यो । म दंगदास परेर गाउँभरि भ्याली पिट्दै हिँड्थें, म नि अम्रिका जाने, म नि अम्रिका जाने । बाले सुने मेरो कान निमोठ्दै भन्नुहुन्थ्यो, यी यत्रो जा अम्रिका ! एउटै गा'को त घरबार भूलेर बस्याछ, अब पठाउँला नि तँलाई ! आमा सुक्सुकाउँदै भन्नुहुन्थ्यो, घर व्यवहार हेर्नेबेलामा विदेशाँ हरा'छ दाइ, अब तँ नि गए हामी के गछौं ? उसका दौंतरीहरूका काखाभरि सन्तान भइसके, ऊ भने काँ हन्डर खाइरा'छ एक्लै विदेशाँ ।

हाम्रो पछाडि गाउँघरमा दाइले उतै खैरीनी राखेर बसेको गाइँगुइँ चल्थ्यो । मेरो कानमा पर्दा म लड्न भीड्न जान्थें । बाले सुने भन्नुहुन्थ्यो, आफ्नै सिक्का खोटो, अरुलाई के भन्नु ? आएर बे गरेर गए कसले के भन्न सक्छ ? तर, उसलाई पर्वा भए पो ? एकविस नौ को भयो, ऐलेसम्म बे नगरी बसेसी अरुले कुरा काट्दैनन् ?

आमाको अर्के दुखेसो थियो- छोराले धर्म भ्रष्ट गराइदिएर स्वर्गमा बास नपाइएला भन्ने । मलाई भने आफ्नो बासरहको दाइमाथि अटुट विश्वास थियो । मसँगै पढ्ने र मैले साह्रै मन पराउने कुसुमले दाइबारे गाउँमा चल्ने गाइँगुइँ सुनाउँदा उल्टै ऊसँग रिसाएर कयौं दिन बोल्थिनँ ।

मैले भन्या हो र ? ऊ मलाई मनाउने प्रयास गर्थी, हाम्री फुपूका घरकाले भनेका रे, उनैले कुरा ल्याकी । त्यसो हो भने उनैको कुरा सुन, मसँग बोल्न पर्दैन, म उसको छेउबाट उठेर हिँडिदिन्थें । यस्तोमा एकदिन साँझको झिसमिसेमा खैरेलेझैं पिठ्यूँमा बडेमानको ब्याग भिरेर गोरो, चिट्टो, खैरेजस्तै देखिने मेरो दाइ घर आइपुग्यो । पहिले त कसैले उसलाई चिन्दै चिनेनन् । चिनेपछि रुवाबासी सुरु भयो । रुवाबासी बन्द भएपछि चार दिनमा छ पटक तुलसीको मठमा पुर्याइएकी आमाले मन्टो उठाइन् ।

अब त चुलो बाल्नु पनि कसको लागि ? ताराको भाग्यमा रित्तो घर, रित्तो ओच्छ्यान, रित्तो मन र जीवनबाहेक अरु केही लेखेनछ दैवले । दुई दिनसम्म त आमाले दाइको हात छोड्दै छोड्नुभएन । १० वर्षको कसर जो पूरा गर्नु थियो । तेस्रो दिन उहाँले नातिनातिनाको नभए पनि बुहारीको मुखसम्म हेरेर मर्ने आफ्नो चाहना व्यक्त गर्नुभयो । दाइको मुखबाट 'हुन्छ' या 'हुन्न' ननिस्किँदै बा, काकाहरू, अरु नातेदार र गाउँलेसमेत ऊमाथि खनिए । विचरो दाइ ।

बाले बिस्तारै भन्नुभो, यै कारणले बाँची पो हाल्छे कि ? तँ आएदेखि अनुहार उजेलो भा'छ, उठेर बसेकी छ । पेटमा पानी अडेको छ । बाबु शालिक, अब यसलाई जलाएर जान्छस् कि जिलाएर, तेरो इच्छा । सबैले एकमुखले बाको अनुमोदन गरे । दाइले डबडबाएको आँखाले आमालाई हेरेर टाउको झुकायो । सबैले त्यसलाई दाइको स्वीकृति सम्झे ।

काकाहरू कोही सहरतिर दौडिए किनमेल गर्न, कोही केटी पक्का गर्न । उसो त आमाले वल्लो-पल्लो गाउँका दुई-चार वटी केटी छानिराख्नुभा'थ्यो पहिल्यै । तर, यो हतारमा दाइको लागि जुरिन् पल्लो गाउँकी तारा, कुसुमकी दिदी । थाहा छैन- दाइ खुसी भयो कि भएन तर म औधी खुसी भएँ । लाग्यो- कुसुमलाई लिएर जुन भविष्यको सपना म बुन्दैथिएँ, त्यो अब पूरा हुने भयो । ३ दिनभित्रै दाइको बिहे भयो गाउँकै मन्दिरमा । यो सबै भइराख्दा दाइ चुइँक्क बोलेन । ज-जसले जे-जे भने, उसले सबै सुनिदियो, मानिदियो । उसका कुरा काटेर नथाक्ने सारा गाउँले उसको प्रशंसामा आकाश पाताल जोड्नमा लागे ।

कुसुमकी दिदी तारा मेरी भाउजू बनेर भित्रिइन् । सातौं दिन बुहारीको अनुहार मनभरि हेर्न नपाउँदै आमाले यो संसार छोड्नुभयो, अनुहारभरि सन्तुष्टिको आभा बोकेर ।

दाइ डाँको छोडेर रोयो । त्यसबेला मैले बुझ्नै सकिनँ, ऊ आमालाई बचाउन नसकेको आफ्नो असमर्थतामा रोयो या किन ? तारा भाउजू हुनेखाने परिवारकी थिइन् । उनका बा धेरै वर्षसम्म गाउँको प्रधानपञ्च थिए पञ्चायतकालमा । तारा भाउजू गाउँका एकदमै कम छोरीमध्ये एकमा पर्थिन्, जसले स्कुलको मुख देखेका थिए । अँझ तारा भाउजूले त एसएलसी पास गरेकी थिइन् । उनकी बहिनी कुसुम मसँगै १०मा पढ्थी । भाउजूको सबैभन्दा ठूलो योग्यता एसएलसी पास हुनु नै थियो दाइसँग बिहे गर्न ।

किरिया सकेपछि दाइ अमेरिका उड्ने तयारीमा लाग्यो । बाले रोक्न कति कोसिस गर्नुभयो तर उसले यति दृढतापूर्वक नकार्यो कि बाले फेरि केही भन्न सक्नुभएन । काकाहरूले सम्झाउन खोजे, गाउँका बूढापाका अघि सरे, सासू-ससुराले हात जोडे । तर, दाइ रोकिएन ।

२० दिन पुरानी आफ्नी विवाहिताको मौन आँशुका धाराले लतपताएको गाजललाई बेवास्ता गर्दै कागजपत्र मिलाएर लिन आउने आश्वासन तेर्स्याएर दाइ बिदेशियो । तारा भाउजू कयौं रात भक्कानो छोडेर रोइरहिन् । म आफ्नै कोठामा बसेर उनको रुवाइ र छटपटाहटको मौन साक्षी बनें लामो समयसम्म । बिस्तारै भाउजूले आमाको ठाउँ लिइन् । काम गर्ने हली गोठालाहरूले आमालाईझैं ठूली मुखिनी भनेर बोलाउन थाले । मभन्दा केही महिनामात्र जेठी भाउजू व्यवहारले पनि ठूली मुखिनी बनिन् । तर, दाइका आक्कलझुक्कल आउने फोन सुनेर ओच्छ्यानमा रातभर छटपटाउँदै रुने उनको बानी उस्तै रह्यो ।


समयसँगै मैले र कुसुमले एसएलसी पास गर्यौं । बाले मलाई सहर पढ्न पठाउने कुरा गर्नुभयो । म खुसी-खुसी तयार भएँ । राति खाना खाने बेला भाउजूले जबर्जस्ती खाना थपिदिँदै भनिन्, दाइलाई त एकछाक मीठो पकाएर ख्वाउन पाइनँ, अब तपैं पनि जान लाग्नुभो । तपैं हुँदासम्म त घरभरि भएझैं लाग्थ्यो दाइ नभए पनि तर ' बा पनि त घर बस्नुहुन्न अचेल त्यति । अब त चुलो बाल्नु पनि कसको लागि ? ताराको भाग्यमा रित्तो घर, रित्तो ओच्छ्यान, रित्तो मन र जीवनबाहेक अरु केही लेखेनछ दैवले ।

उनका ती शब्द मेरो छातीमा ठोक्किए । मैले अरु खान सकिनँ । भोलिपल्ट मैले बासँग आफ्नो सहर नजाने निर्णय सुनाएँ ।

बाले जिल्ल पर्दै भन्नुभयो, के गर्छस् याँ बसेर ? दाइले झैं पढ्दैनस् ? ठूलो मान्छे बन्दैनस् ? बा ! ठूलो मान्छे हुन म घरपरिवार छोड्दिनँ । बूढो हुनुभएको तपाईं र एक्ली भाउजूलाई छोडेर म कहीँ जान्नँ । यहीँ बसेर पढ्छु । तरकारी, फलफूलखेती गर्छु । दाइ आएर भाउजूलाई लिएर गैहालोस्, त्यसपछि म सोचूँला सहर जाने कुरा ।

बाले केही भन्नुभएन । मेरो टाउकोमा हात राखेर आफ्ना धमिला आँखा पुछ्दै बाहिर निस्कनुभयो । घरपरिवार बिर्सेर बाहिर बसिरहेको छोराको वियोग झेलिरहेको मेरो बालाई मेरो त्यो निर्णयले राहत दिएझैं लाग्यो मलाई । म नजाने कुरा जब तारा भाउजूले सुनिन्, उनको अनुहार धपक्क बल्यो । तर, उनले बिस्तारै भनिन्, नगएर के गर्नी ? पढ्न परेन ? तपैं दाइसँग गएपछि म बालाई लिएर सहर बस्छु अनि पढ्छु । अहिलेचैं यहीँ खेतबारीमा काम गरेर पैसा कमाउँछु । मैले हाँस्दै भनें । उनले सुटुक्क आँसु पुछिन् र भनिन्, दाइ आएपछि तपैं र बालाई पनिसँगै लान भन्छु म । उनको स्वरमा उदासी मिसियो । झनै बिस्तारै भनिन्, आउने पो कैले हुन् बरु ? म नजाने कुरा जब कुसुमले सुनी, नराम्ररी रिसाई ।

के गर्छौ सहर नगर ? हली गोठालोको काम सघाउँछौ ? अनुहारमा सम्पूर्ण औंसी पोतेर उसले भने । सधैंलाई हो र ? केही वर्ष त हो नि । दाइ आएर भाउजू लगोस् अनि जान्छु सहर पढ्न, मैले पूर्ण विश्वासका साथ भनें । मचैं भिनाजुझैं अमेरिका जाला, टन्नै पैसा कमार हाम्लाई पनि हेर्ला भन्या त', कुसुम भुत्भुताई । म यहीं बसेर पैसा कमाउँछु । यहीँ बसेर पढ्छु, मैले भनें । उसले ओठ लेप्राई । मैले आफ्नो भनाइ सावित गरेर देखाएँ, जसका लागि तारा भाउजूले दिन-रात नभनी मेरो साथ दिइन् । हामीले अदुवाखेती सुरु गर्यौं । साथमा काँक्रो, गोलभेँडा, खुर्सानी,



बन्दा, काउली, गाँजर र अरु पनि थुप्रै- मौसमअनुसार । तरकारी बोकाएर आफैं सहर पुग्थें म । बेचेर जम्मा भएको पैसाले म आफ्ना लागिभन्दा धेरै बा र भाउजूका लागि सामान किन्थें । भाउजू सुरुसुरुमा अप्ठ्यारो मान्थिन् तर बिस्तारै आफ्नो आवश्यकताको लिस्ट नै दिन थालिन् ।

मेरो मन फुरुंग हुन्थ्यो उनका लागि केही किन्दा । उनी मेरो खुब ख्याल राख्थिन् अनि म उनको । तर मेरो बाध्यता- म आज पनि उनलाई नरोऊ भन्न सक्थिनँ । उनी आफ्नो कोठामा राति एक्लै दाइको यादमा छटपटाएर रोइरहन्थिन् । अरु बेला भने म जिउज्यानले कोसिस गर्थें- उनको ओठमा मुस्कान ल्याउन । ती दिनहरूमा भाउजू मेरो जीवनको एउटा यस्तो हिस्सा बनिदिएकी थिइन्, जसको प्रेरणा, साथ र हौसलाबिना म आफैंलाई आधा अधुरो हुन्थें । हुन त हामी गाउँका हुनेखानेमै गनिन्थ्यौं पहिले पनि । झन् अहिले त मेरो कमाइले धेरै माथि पुर्याएको थियो ।

कमेरो पोतेको कच्ची घरले काँचुली फेरेर पक्की, घुमाउने बार्दली भएको घरको रूप लिएको थियो । गोबर ग्याँसले चुलोमात्र होइन, झिलिमिली बत्ती पनि बल्थ्यो घरमा । काम गर्ने मान्छे थिए । भाउजू खटनपटन गर्थिन् । परे आफू पनि खटिन्थिन् । बाँकी उनी उस्तै थिइन् । आँखामा कालो मोटो गाजल, निधारमा बाटुलो रातो टीका । कालो-कालो वर्णको हिस्सी परेको अनुहार । मलाई मेरी भाउजू वरपरका १० गाउँमा सबैभन्दा राम्री लाग्थिन् । कुसुमभन्दा पनि राम्री । ५ वर्ष बित्यो । म २४ वर्षको लक्का जवान भएँ । दाइ फर्केर आएन । भाउजूको छटपटी र रुवाइ कम हुँदै गयो । अब त दाइले कहिलेकाहीँ फोन गर्दा पनि उनी कुरा नगर्ने बहाना खोज्थिन् । खुसी देखिन्थिन् तर मलाई जति कसलाई थाहा थियो र उनको पीडा !

मलाई त्यतिबेला असह्य हुन्थ्यो, जतिबेला उनका दौंतरीहरू एउटा सन्तान डोर्याएर र अर्को काखमा च्यापेर उनलाई भेट्न आउँथे । त्यसबेला मेरी भाउजूको पीडा आँखामा छचल्किन्थ्यो, मेरो मुटुमा गाँठो पर्थ्यो । हिजो मैले बुझेको थिइनँ- बिहे गरेको २० दिनमा लोग्नेसँग अलग हुनुको उनको पीडा । तर, आज म उनका ती एक-एक आँशुको एक-एक सुस्केरा र छटपटीको अर्थ बुझ्थें । शायद उनलेभन्दा पनि धेरै । त्यसैले पनि म चाहन्थें- उनी गाउँका अरु युवतीझैं सिँगारपटार गरून्, राम्री भएर हिँडून्, हाँसोठट्टा गरून् । तर अहँ ! मैले उनलाई दाँत देखिने गरी हाँसेको कहिल्यै देखिनँ, मेरी भाउजू बनेपछि ।

पहिले-पहिले बा र काकाको नामले चिनिन्थें म । अब उनीहरू मेरो नामले चिनिन्थे । कयौं मान्छेले मेरो कारणले रोजगारी पाएका थिए । गाउँ अब धेरै फेरिएको थियो । घर-घरमा फोन थियो, बिजुली थियो । तल खोलाको छेउसम्म त ट्र्याक्टर, ट्रक आउँथे । त्यसैले अब तरकारी लिएर सहर पुग्नै पर्थेन, सहरबाट टिप्पर लिएर मान्छे तरकारी उठाउन फाँटसम्मै आइपुग्थे । घरसम्म भने अँझै मोटर आउन सक्थेन, मोटरसाइकल भने मज्जाले आउँथे ।

फाँटमा मेरो पनि ठूलो पसल थियो । आफ्नै मिनी ट्रक थियो । मोटरसाइकल थियो, जसमा चढेर हरेक हप्ता सहर पुग्थें म- कुसुमलाई भेट्न । एसएलसी पास गरेपछि ऊ सहरमै मामाको घरमा बसेर पढ्दै थिई । उसले त मलाई पनि सहर जान कत्ति कर गरेकी थिई तर म गइनँ । घरमा, गाउँमा मेरो बिहेको कुरा हुन थालेको धेरै भइसकेको थियो । तर, मैले कसम खाएको थिएँ- दाइ नआएसम्म र भाउजूको आँखाको उदासी नपुछिएसम्म बिहे गर्दिनँ ।

कुसुमले ब्याचलर अफ नर्सिङ सकेर अस्पतालमा काम गर्न थालेकी थिई । उसका बा-आमा अब उसको बिहेका लागि हतार गर्न थालेका थिए । त्यसैले कुसुम घुमाईफिराई मसँग बिहे गर्न चाहेको कुरा गर्न थालेकी थिई । तर, मैले उसलाई मुख फोडेर केही भनेको थिइनँ । म चाहन्थें घरका पाकाहरूले नै त्यो निर्णय गरून् । तर, त्यसका लागि दाइ आउन जरुरी थियो । अर्को एक वर्ष बित्यो । केही दिनयता बा बिरामिरहन थाल्नुभएको थियो । शायद त्यसैले पनि होला- उहाँ प्रत्येक दिनजस्तै फोन गरेर दाइलाई बोलाउनुहुन्थ्यो र भाउजूलाइसँगै लैजान किचकिच गर्नुहुन्थ्यो । तेरो कारणले भाइले पनि बिहे नगर्ने भो, उहाँ भन्नुहुन्थ्यो । यसबीच भाउजूका बा-आमाले कुसुम र मेरो बिहेको कुरा चलाए बासँग । बालाई कुनै आपत्ति थिएन । बाले मलाई सोध्नुभयो । मेरो जवाफ उही थियो- पहिले दाइ घर आओस् ।

त्यो फागु पूर्णिमाको दिन थियो । सहरको हावाले गाउँलाई पनि छोडेको थिएन । अतः खाडी, कोरिया, मलेसिया र इन्डियाले तान्न नभ्याएका, विदेश र सहरबाट छुट्टीमा आएका सारा युवायुवतीको अनुहार रंगले सरोवर, नचिनिने भएको थियो । यस्तोमा कतिले मेरो पसलमै आएर मैले विरोध गर्दैगर्दै मलाई पनि रंगाएरै छोडे । सहर र विदेशबाट छुट्टीमा आएका सहपाठीहरूको जबर्जस्तीमा मैले पसल अलि चाँडै बन्द गरें । हामी सबै नजिकैको होटल पस्यौं । साथीहरूले टन्न रक्सी पिए । म पिउँदै नपिउने मान्छेले पनि उनीहरूको जोरजबर्जस्तीमा डेढ बोतल बियर रित्याएँ । साथीहरूसँग छुट्टिएर घर आएँ । पहिलोपटक बियर पिएकोमा आफूलाई अपराधी ठहर्याएँ ।

त्यति ढिलो त भएको थिएन तर पनि मलाई कुरेर ढोकामै उभिएकी भाउजूले आत्तिएको स्वरमा भनिन्, काँ गा तपैं यति अबेरसम्म ? फोन गरेको नि उठा' हैन । चक्रेलाई पसलाँ हेर्न पठाको, उसले नि आएर पसल बन्द छ भन्यो । बा घराँ हुनुहुन्न । मेरो परान घाँटीमा आएर बस्या'छ कतिखेरदेखि, काँ गा तपैं यसरी भन्दै नभनी ? उनको आँखाबाट आँसुका ढिक्का झरे । मेरो मुटु गाँठो पर्यो । यसै अपराधबोधले भरिएको मेरो मन, उनको आँसुले छियाछिया भयो । म 'म साथी.. मेरो मुखबाट शब्दभन्दा आँखाबाट आँसु सजिलै झर्यो । अनायासै उनी हातले मुख छोप्दै हाँसिन् । काँबाट दलेर आउनुभो यतिविधि रंग ? ढेडुजस्तै देखिनुभा'छ' उनले आँसु पुछिन्, तपैंको त छायाँले पनि चिन्छु र पो नत्र अनुहारले त काँ चिन्न सक्नु ? उनी चिसो आँखा लिएर हाँसिरहिन् । म रुँ कि हाँसौं भएर उनैलाई हेरिरहें । अब रातभरि यहीं उभिरहने हो ? हिँड्नुस् भित्र । उनी भित्र पसिन् । म लुरुक्क उनको पछि लागें ।

उनको अनुहारमा कतै रंगको एउटा छिटा पनि थिएन । झन् अचेल त उनी टुप्पीसम्म लामो सिन्दुर पनि लाउँथिनन् । त्यसैले हो कि किन- मलाई उनको अनुहार झनै रित्तो र उजाड लाग्यो । मेरो मन उनीप्रति सहानुभूतिले भरियो । कस्तो अत्यासपूर्ण जीवन बाँच्न बाध्य पार्यो मेरो दाइले यो निरीह प्राणीलाई । मेरो मन आक्रोशले भरियो दाइप्रति । आओस् मात्रै घर, जान्याछु मैले, मनमनै सोचें । भात पस्कन्छु । तपैं हातमुख धोएर आउनुस्, भाउजू भन्दै थिइन् । *(क्रमशः)*

# लज्जावती झारका फाइदा



लज्जाबति झारलाई लाजवन्ती वा लाजमान्ने झारको नामले पनि चिनिन्छ । यसको वानस्पतिक नाम भने माईमोसा पुदिका हो । हात वा अन्य कुनै बस्तुले छुने बित्तिकै यसको पात ओइलाएर बन्द हुने हुनाले यसलाई लाजवन्ती झार भनिएको हो । गाउँघरतिर यसलाई गाईबस्तुको घाँसको रुपमा पनि प्रयोग गरिन्छ । यसबाहेक यसलाई जडीबुटी वा औषधिको रुपमा पनि प्रयोग गर्न सकिन्छ ।

अभुमका हर्बल प्रा.लि. अहमदाबादका डाइरेक्टर डा दीपक आचार्य यही झारको औषधीय गुणको बारेमा विगत १५ वर्षदेखि भारतको विभिन्न क्षेत्रमा रहेर अध्ययन गरिरहेका छन् । भारतको सुदूर आदिवासी अंचल जस्तै पातालकोट (मध्यप्रदेश), डांग (गुजरात) र अरावली (राजस्थान) का आदिवासिहरूले कसरी परम्परागत रुपबाट यसलाई औषधिको रुपमा प्रयोग गर्दै आएका छन् र यसले कसरी काम गर्छ भन्ने उनले अध्ययन गरेका छन् र यसलाई प्रमाणित गर्दैछन् ।

गन्दे नामक झारको झोलले काटेको ठाउँमा बगेको रगतलाई तुरुन्तै निको बनाए जस्तै लाजवन्ती झारले पनि काटेको घाउलाई निको बनाउँछ । यति मात्रै होइन, यो झार बहु उपयोगी छ । यो झारको जराको दुई ग्राम चूर्ण दिनमा तीन पटक मनतातो पानीसँग खानाले बाबाशिर वा अन्य कारणबाट हुने आन्तरिक घाउ छिट्टै निको हुने आचार्य बताउछन् ।

आधुनिक विज्ञानको अनुसन्धान अनुसार भाँचिएको हड्डी र मांसपेशीको आंतरिक घाउको उपचारको लागि लाजवन्ती झार अति उपयोगी हुन्छ । त्यस्तै, लाजवन्ती झारको जरा तथा बिउको चूर्णलाई दूधसँग मिलाएर खानाले पुरुषमा हुने वीर्यको कमीलाई धेरै कम गर्दछ । लाजवन्ती झारको पातको धुलोलाई मखनसँग मिलाएर बाबाशिरको घाउमा दिनको दुई वा तीनपटक लगाउनाले छिट्टै निको हुन्छ । त्यस्तै, यस्को पातलाई पिसेर नाइटो वरिपरि लगाउनाले धेरै पिसाब आउने समस्या बन्द हुन्छ ।

यसको पातको काड पानी बनाएर खुवाउनाले मधुमेहको रोगीलाई धेरै फाइदा गर्छ । त्यस्तै, यसको बिउको धेउलो बनाएर नियमित सेवन गर्नाले शारीरिक दुर्बलता पनि कम हुन्छ । लाजवन्ती र अश्वगन्धाको जरालाई समान मात्रामा मिलाएर पिस्ने र लेप तयार गरेर स्तनमा हल्का मालिस गर्नाले स्तन झोलिने समस्याबाट मुक्त हुन सकिन्छ । गन्दे नामक झारको झोलले काटेको ठाउँमा बगेको रगतलाई तुरुन्तै निको बनाए जस्तै लाजवन्ती झारले पनि काटेको घाउलाई निको बनाउँछ । यति मात्रै होइन यो झार बहु उपयोगी छ । यो झारको जराको दुई ग्राम चूर्ण दिनमा तीन पटक मनतातो पानीसँग खानाले बाबाशिर वा अन्य कारणबाट हुने आन्तरिक घाउ छिट्टै निको हुने आचार्य बताउछन् ।

आधुनिक विज्ञानको अनुसन्धान अनुसार भाँचिएको हड्डी र मांसपेशीको आन्तरिक घाउको उपचारको लागि लाजवन्ती झार अति उपयोगी हुन्छ । त्यस्तै, लाजवन्ती झारको जरा तथा बिउको चूर्णलाई दूधसँग मिलाएर खानाले पुरुषमा हुने वीर्यको कमीलाई धेरै कम गर्दछ ।

लाजवन्ती झारको पातको धुलोलाई मखनसँग मिलाएर बाबाशिरको घाउमा दिनको दुई वा तीनपटक लगाउनाले छिट्टै निको हुन्छ । त्यस्तै, यस्को पातलाई पिसेर नाइटो वरिपरि लगाउनाले धेरै पिसाब आउने समस्या बन्द हुन्छ ।

# मुकारुङ र ओझा सम्मानित





काठमाडौं । अमर नेम्बाङ लिम्बु स्मृति प्रतिष्ठानले यसवर्ष साहित्यकारद्वय श्रवण मुकारुङ र प्रेम ओझालाई पुरस्कारसहित सम्मान गर्ने भएको छ । फाल्गुनन्द गाउँपालिकाका तत्कालीन अध्यक्ष तथा साहित्यकार अमर नेम्बाङको स्मृतिमा स्थापित एक लाख राशिको पुरस्कार प्रतिष्ठानले अग्रज साहित्यकारहरूलाई प्रदान गर्दै आएको छ ।

गतवर्ष यस पुरस्कारबाट लेखकद्वय शारदा सुब्बा र बिना थिङ पुरस्कृत भएका थिए । २०७७ मा डा.गोविन्दराज भट्टराई र वीर नेम्बाङ, २०७६ मा डा.देवी क्षेत्री दुलाल र मुनाराज शेर्मालाई यो पुरस्कार प्रदान गरिएको थियो ।

अमर नेम्बाङ लिम्बुको चौथो स्मृतिदिवसको अवसरमा प्रदान गर्न लागिएको सम्मान पुरस्कारसँगै आगलागी र पहिरो पीडितलाई राहत वितरण र गरिब तथा जेहेन्दार छात्रवृत्ति वितरण कार्यक्रम पनि आयोजना हुनेछन् । कार्यक्रम यही माघ २६ गते, बिहीबार फिदिम-१ स्थित होटल मनश्वी, बुद्धमार्गमा बिहान १०:३० बजे आयोजना हुने जानकारी प्रतिष्ठानका अध्यक्ष मुनिन्द्र नेम्बाङले दिएका छन् ।

**को हुन् अमर नेम्बाङ ?**

अमर नेम्बाङ नेपाली साहित्यका एक विशिष्ट स्रष्टा हुन् । उनी पर्यावरणीय लेखनका अभियन्ता थिए । उनको संस्मरणात्मक निबन्धहरूको सँगालो 'सम्झनाका तरेलीहरू'मा यस लेखनको उत्कृष्ट प्रयोग पाइन्छ । उनको सम्झनाको तरेलीसँगै 'अमेरिका भ्रमणका केही सम्झनाहरू' (संस्मरण) र 'एउटा साँझको अवसान' कविता कृति प्रकाशित छन् । उनका दर्जनौं लेख, संस्मरण, निबन्ध र कविता अप्रकाशित अवस्थामा छन् । नेम्बाङले पाश्चात्य साहित्यको गहिरो अध्ययन गरेका थिए ।

नेम्बाङको जन्म वि.सं.१९९८ साल श्रावण २३ गते पाँचथरको फाल्गुनन्द गाउँपालिका-३, पौवामा बाबु नयेन्द्रराज (नरवीर) नेम्बाङ र आमा श्रीहाङ्मा (थाम्सुहाङ) नेम्बाङको कोखबाट माइला छोराको रूपमा भएको थियो ।

आफ्नै गाउँको सारताप स्कुलबाट अध्ययन सुरु गरेका नेम्बाङले सन्त रोबर्टस उच्चमावि दार्जिलिङबाट १९६१ मा हाइस्कुल पास गरेका थिए र सन्त जोसेफ कलेज नर्थप्वाइन्ट दार्जिलिङबाट १९६६ मा बिए सकेका थिए । १९६९ सालमा त्रिभुवन विश्वविद्यालयबाट राजनीतिशास्त्रमा स्नातकोत्तर गरेका नेम्बाङ पाँचथरमा लिम्बू समुदायबाट स्नातकोत्तर गर्ने पहिलो व्यक्ति हुन् ।

२०३३ सालमा जनपक्षीय उम्मेदवार भएर चिलिङदेन गाउँको नेतृत्व सम्हालेका नेम्बाङ पटकपटक तत्कालीन पौवासारतापमा नेकाको तर्फबाट गाविस अध्यक्ष निर्वाचित भएका थिए । उनी २०७४ सालको स्थानीय तह निर्वाचनमा फाल्गुनन्द गाउँपालिकाको अध्यक्षमा निर्वाचित भएका थिए ।

नेम्बाङले स्थानीय तहबाट देशभरमा पहिलो पटक मातृभाषा शिक्षा पठनपाठनलाई आधारभूत तथा माध्यमिक विद्यालयमा सञ्चालन गरेका थिए ।

गाँउपालिकाको वडा नं ५ ले आयोजना गरेको एक कार्यक्रममा सम्बोधन गर्ने क्रममा २०७५ साल माघ २६ गते नेम्बाङको निधन भएको थियो ।

# विश्वका महाप्रलयकारी भूकम्पहरू



विष्णु भट्टराई

इतिहासबाट सन् १९६० को २२ मेका दिन चिलीमा गएको भूकम्प विश्व इतिहासकै सबैभन्दा शक्तिशाली भूकम्प हो । ९.५ रेक्टर स्केलको सो डरलाग्दो भूकम्प दिउँसो स्थानीय समयअनुसार ३ ।११ बजे गएको थियो । सो भूकम्पबाट मानवीय क्षति भने तुलनात्मक रूपमा कम नै थियो । चिलीको भूकम्पमा कति मानिस मरे भन्ने यकिन तथ्यांक आउन नसके पनि करिब ६ हजारको हाराहारीमा मारिएको अनुमान छ । सो भूकम्पबाट भएको आर्थिक क्षतिको विवरण पनि फरक-फरक आउने गरेको छ। भूकम्पबाट ४० करोड अमेरिकी डलरदेखि ८० करोड अमेरिकी डलरसम्मको क्षति भएको विवरण बाहिर आएको थियो। आजको पैसामा हिसाब गर्दा यो रकम ३ अर्बदेखि ६ अर्बसम्म हुन आउँछ। उक्त शक्तिशाली भूकम्प एक धक्कामा मात्रै केन्द्रित थिएन। २१ मे देखि ६ जुनसम्म आएका भूकम्पका शृंखलाहरूमध्येको सबैभन्दा शक्तिशाली भूकम्प ९.५ रेक्टरको थियो। सो शृंखलामा आएको सबैभन्दा पहिलो भूकम्प ८.१ रेक्टरको थियो ।

### संकटका बाबजुद भूकम्पले थला परेको सिरिया

टर्कीमा सोमबार बिहान शक्तिशाली भूकम्प गएको छ। दक्षिण-पूर्वी टर्कीको गाजियान्टापमा बिहान ४ बजेर १७ मिनेटमा शक्तिशाली भूकम्प गएको अमेरिकाको जियोलोजिकल सर्भेले जनाएको छ। सिरियासँगको सीमा नजिकै शक्तिशाली भूकम्पको धक्का राजधानी अंकारासहित टर्कीका विभिन्न सहरहरूमा महसुस गरिएको छ। भूकम्पको धक्का सिरिया र लेबनानसम्म महसुस गरिएको बेलायती अखबार दि गार्डियनले जनाएको छ। शक्तिशाली भूकम्पपछि पराकम्पहरू आइनै रहेको त्यहाँका अधिकारीले बताएका छन्। भूकम्प आएसँगै त्यहाँका नागरिकहरू घर छाडेर सार्वजनिक ठाउँहरूमा शरण लिइरहेका छन् ।

उत्तर-पश्चिम सिरियामा बसोवास गर्नेहरूका लागि ठूलो आवाजका साथ भत्किएका घरको आवाजले ब्युँझिने कुरा नयाँ होइन । दमास्कसस्थित सरकारले यो भेगमा पकड बनाई बसेका लडाकुलाई कमजोर बनाउन बमबारी गरिरहन्छ । बम विस्फोट र त्यसपछि आकाश गडगडाएर उड्ने लडाकु जेटका कर्कस आवाजको यहाँका मानिसलाई बानी परिसकेको थियो । दमास्कस र विद्रोही लडाकु समूहबीचको द्वन्द्वमा फसेकाले यो भेगमा झन्डै ४५ लाख जनसंख्याको जीवन पहिलेदेखि नै कठिन रहँदै आएको छ । यो भेगका झन्डै ९१ प्रतिशत मानिस बाँच्नका लागि सहायतामा निर्भर छन् ।

सोमबार झिसमिसेमा आएको ७.८ म्याग्निच्युडको भूकम्प र त्यसको केही घन्टापछि आएको ७.५ रेक्टर स्केलको शक्तिशाली दोस्रो धक्काले पहिलेको कठिनाइमा रहेका उनीहरूको जीवन थप तहसनहस बनाइदिएको छ । 'सुरुमा मलाई हेलिकोप्टरले ब्यारेल बम खसालेकोजस्तो लागेको थियो । म हत्तपत्त उठेर छोरालाई समात्न पुगेँ । हामी त बाँच्न सफल भयौँ, तर सबै भाग्यमानी रहेनन् । हुन त हामीलाई भग्नावशेषबाट मानिसको उद्धार गर्ने बानी परिसकेको छ । तर, यसपटक स्थिति विकराल स्तरको छ । भूकम्पपछि भत्केको संरचनामा अझै थुप्रै मानिस फसेका छन् । हामीसँग तिनको उद्धार गर्न मिल्ने आवश्यक उपकरण छैन । फसेका धेरैको ज्यान जान सक्छ,' सरमादा गाउँका ३६ वर्षीय इस्माइल अलाब्दुल्लाहले भूकम्प सम्झिँदै भने ।

एक दशकभन्दा लामो समयदेखि चलिरहेको गृहयुद्धमा पछिल्लो समय दमास्कसले प्रगति हासिल गरेको छ । यसका बाबजुद इड्लिब प्रान्त र छेउको अलेप्पोका ग्रामीण इलाका भने अझै दमास्कसको नियन्त्रणमा आउन सकेका छैनन । यो क्षेत्रमा बस्ने करिब तीनचौथाइ मानिस देशका अन्य भागबाट विस्थापित भएर आएका छन् । उत्तर-पश्चिम सिरियाको अधिकांश भाग 'हयात तहरिर अल-साम'को नियन्त्रणमा छ । यो मिलिसिया समूहले आफूलाई अल-कायदाको मूलबाट टाढा राख्न खोजेको भए पनि अझै यसले आलोचकविरुद्ध कठोर नीति अँगाल्ने गरेको छ भने धार्मिक नीति लागू गर्ने गर्छ । दमास्कस र विद्रोहीको पकडमा नरहेको यस भेगका बाँकी क्षेत्रमाभने टर्की-समर्थित समूहको नियन्त्रण छ । दमास्कसले यो भेगमा पकड विस्तार गर्न बारम्बार हवाई हमला गर्ने गरेको छ भने फाट्टफुट्ट स्थल लडाइँ पनि हुन्छ ।

दमास्कस र विद्रोही लडाकु समूहबीचको द्वन्द्वमा फसेकाले यो भेगमा झन्डै ४५ लाख जनसंख्याको जीवन पहिलेदेखि नै कठिन रहँदै आएको छ । यो भेगका झन्डै ९१ प्रतिशत मानिस बाँच्नका लागि सहायतामा निर्भर छन्

रुस-समर्थित सिरियाली सेनाहरूको दशकौँदेखिको बमबारीका कारण यहाँको स्वास्थ्य पूर्वाधार ध्वस्तप्रायः छ । उनीहरू पहिले नै चरम गरिबीका कारण दयनीय अवस्थामा बाँच्न विवश छन् । भूकम्पभन्दा पहिले पनि अधिकांश आन्तरिक रूपमा विस्थापितमध्ये झन्डै १७ लाख मानिसले असुरक्षित भवन वा पालमा चिसो काटिरहेका थिए । नर्वेजियन शरणार्थी काउन्सिलले एक विज्ञप्ति जारी गर्दै भनेको छ, 'युद्धका कारण पहिले नै विस्थापित भएकाहरू अब विपत्बाट फेरि एकपटक विस्थापित हुनेछन् ।

कठ्यांग्रिने जाडो र बढ्दो महँगीका बीच आइपरेको यो नयाँ संकटमाझ सिरियालीहरूलाई एक्लै छाड्न हुँदैन ।' तर, सिरियालीहरू यो कठिन घडीमा प्रायः एक्लै छन् । उनीहरू केहीअघिदेखि नै अन्तर्राष्ट्रिय क्षेत्रबाट ओझेलमा पर्न थालेका थिए । सिरियाली गृहयुद्ध मत्थर हुँदै जान थालेदेखि नै अन्तर्राष्ट्रिय समुदायले सिरियालाई बेवास्ता गर्न थालेको थियो । संयुक्त राष्ट्रसंघबाट सिरियाको विपक्षी नियन्त्रित क्षेत्रमा सहायताका लागि दिइने म्यान्डेटसमेत हरेक ६ महिनामा नवीकरण गर्नुपर्ने हुँदा स्थानीयवासीहरू अत्यावश्यक सहायतालाई लिएरसमेत हरसमय अनिश्चितताको भावमा बाच्नुपर्ने स्थिति छ ।

सिरियाको उत्तर-पश्चिमी सीमाक्षेत्रका जिन्देरेस, सरमादा, अजाज, आतमा र अन्य थुप्रै साना सहर सरकारी सेनाको निसाना र शरणार्थी बसोवासको क्षेत्र भएकाले परिचित नाम हुन् । यहाँका अधिकांश संरचना युद्धको मारमा ध्वस्तप्रायः छन् । शरण खोजेर कैयौँ क्षेत्रबाट आएका दसौँ हजार मानिसलाई बस्न बनाइएका अस्थायी संरचनासमेत पछिल्लो भूकम्पले धराशयी भएका छन् । पहिले नै यो क्षेत्रको कमजोर पूर्वाधारले हैंजाजस्ता रोगहरू फैलाउने गरेको थियो । पछिल्लो समय केही



पुनर्निर्माण भएका पूर्वाधार पनि भूकम्पले नष्ट बनाइदिएपछि ठूलो मानवीय संकट उत्पन्न हुन पुगेको छ । यस्तो अवस्थामा रोग थप फैलिन सक्छ ।

गत दशकको गृहयुद्धमा देशको सीमा कटेर टर्कीको दक्षिणी सीमा क्षेत्र पुगेका सिरियालीहरू पनि यो विनाशबाट उम्कन सकेनन् । टर्कीका सीमावर्ती सहर गाजियान्टेप, कहरामनमारस, अन्टाक्या, सान्लिउर्फा, किलिस शरणार्थी सिरियालीका लागि नयाँ घरजस्तै बनेका थिए । देशको गृहयुद्धबाट बाँचेर विदेशी भूमिमा शरणार्थीको अनिश्चितता र अभाव खेपिरहेका सिरियालीले पुनः घर र आफन्तजन गुमाएका छन् ।

भूकम्पपछि प्रभावित क्षेत्रका अस्पताल र क्लिनिकहरूमा भूकम्पपीडितहरूको घुइँचो लागेको छ । चिकित्सकहरू न्यून पूर्वाधारबीच पनि बिरामीहरू हेरिरहेका छन् । देशको प्रायः भाग भूकम्पपछि सञ्चार लाइनबाट कटेकाले विदेशमा रहेका सिरियालीहरू आफ्ना परिवारका सदस्यको खबर पाउन संघर्ष गरिरहेका छन् ।

पछिल्लो विपत्पछि उत्तर-पश्चिम सिरियाको एक मात्र बाह्य सम्पर्क बिन्दु बब अल-हावा नाका अवरुद्ध भएको छ । टर्की आफैँ संकटमा रहेको र उसका स्वास्थ्य पूर्वाधार पनि दबाबमा रहेको अवस्थामा सीमापार सिरियाको भूमि उनीहरूका सहयोगको प्राथमिकतामा पर्ने सम्भावना न्यून छ । अन्तर्राष्ट्रिय समुदायको मानवीय सहयोग तत्कालै यो क्षेत्र नपुगे यहाँको स्थिति थप भयावह हुने निश्चित छ । तर, भूकम्पका कारण सडक एवं विमानस्थलसमेत बन्दजस्तै रहेकाले त्यहाँ फसेका जनसंख्यालाई तुरुन्तै कसरी मद्दत पुऱ्याइनेछ स्पष्ट भएको छैन । 'हामी पहिले नै निराशाजनक अवस्थामा बाँचिरहेका थियौँ । स्थिति त्योभन्दा पनि खराब होला भनेर मैले सपनामा पनि सोचेको थिइनँ,' सो भेगका एक चिकित्सक डा. ओसामा सल्लुमले भने ।

ढिलासुस्ती र गह्रौं उपकरणको अभावले पीडा मात्रै थपिरहेको छ टर्कीका जनतालाई । आपत्कालीन टोलीहरूलाई अडियामानजस्ता सहरहरूमा पुग्नसमेत केही दिन लाग्यो । तबसम्म जीवितहरू आवाज नै निकाल्न नसक्ने अवस्थामा पुगिसकेका थिए, या त उनीहरूको आवाज कमजोर भइसकेको थियो ।

हिउँले ढाकेको पहाडमुनिको रमणीय गाउँ सकेबोरामा त्यहाँका बासिन्दाले आफैँले भग्नावशेष खनेर मृतक एवं घाइतेहरूलाई नजिकैको अस्पताल लगे । 'त्यहाँको पालभित्र एउटामाथि अर्को शव खात लगाइएको थियो', स्थानीय बिलाल सुतले बताए ।

ठूलो संख्यामा मृत्युको मुख्य कारण नै कमजोर भवन निर्माण मापदण्ड, भ्रष्टाचार र खराब नीति-निर्माण हुन सक्छन् । यी सबै टर्कीको आर्थिक मोडेलका हिस्सा हुन, जुन निर्माण र रेन्ट-सिकिङद्वारा सञ्चालि छ । यसको अधिकांश दोष टर्कीका राष्ट्रपति रेसेप तैयप इर्दोगानको सरकारलाई जाने तर्क गर्छन् विश्लेषकहरू । यसबाहेक, पूर्ववर्ती सरकारहरू, नगपालिकाका साथै ठेकेदार, डेभलपर्स र योजनाकारलाई पनि यसको दोष जान्छ । 'यो विशुद्ध अपराध हो ।' सहरी योजनाकार तथा प्राज्ञ मुरात गुभेन्सले भने । टर्कीमा सन् १९९९ मा इस्तानबुलको बाहिरी इलाकामा गएको भूकम्पमा परी १८ हजारभन्दा धेरै मानिसको मृत्यु भएपछि टर्कीले अपनाएको भवनसंहिता निकै कडा छ, जुन पाँच वर्षअघि मात्रै अद्यावधिक गरिएको थियो । इर्दोगान सरकारले अघि सारेको सहरी नवीकरण योजनाअन्तर्गत ३० लाखभन्दा धेरै आवास एकाइ नवीकरण भएका छन् ।

समस्या कार्यान्वयन र निरीक्षण एवं अनुगमनमा छ । भवन निर्माण अनुमतिप्राप्त गर्न सजिलो छ र निरीक्षण एवं अनुगमन एकदमै कमजोर छ । सरकारबाट निरीक्षणको जिम्मेवारी पाएका कम्पनीहरूलाई भवन निर्माणकर्ताले नै भुक्तान गर्छन् । निरीक्षणकर्ताहरू जानेबित्तिकै ठेकेदार तथा निर्माणकर्ताहरूले फलामको गुणस्तर र परिणाम घटाउछन् । बिम र पिलरलाई दबाबका कारण नुहिनबाट रोक्ने फलामे सपोर्ट वा रिङमा कटौती गरिहाल्छन् । उनीहरूले स्वीकृतभन्दा बढी तलासमेत बनाउँछन् र स्थानीय अधिकारीहरूसँग लेनदेन गरेर कुरा मिलाउँछन् । यसको अर्थ जीवन र मृत्युका कारणबीच भिन्नता छ । अन्यत्रजस्तै ओस्मानियामा पनि भत्किएका अधिकांश भवन सन् १९९९ को भूकम्पअघि निर्मित छन् । तर, नयाँ मापदण्डअनुसार निर्मित थुप्रै भवन पनि भत्किएका वा मर्मत गर्नै नमिल्ने गरी क्षतिग्रस्त भएका छन् । ओस्मानियाको दक्षिणमा पर्ने अन्ताक्यामा एक दशकअघि मात्र निर्माण सम्पन्न भएको विलासी हाउजिङको भग्नावशेषमा सयौँ मानिस पुरिए । उक्त भवनका ठेकेदारलाई टर्की छोड्नै लागेको अवस्थामा दुई दिनअघि ११ फेब्रुअरीमा पक्राउ गरिएको छ ।

विनाइजाजत वा भवनसंहिता उल्लंघन गरी बनाइएका भवनहरूलाई जरिवाना तिरेर दर्ता गरिदिने 'कन्स्ट्रक्सन एम्नेस्टी (निर्माण क्षमादान)'ले पहिले नै खराब रहेको परिस्थितिलाई अझ खराब बनायो । इर्दोगान सरकारले यस्ता थुप्रै क्षमादान पास गरिसकेको छ । पछिल्लो क्षमादान आननिर्वाचनको पूर्वसन्ध्या सन् २०१८ मा दिइएको थियो । विपक्षीहरूले पनि यो कदमको समर्थन गरे, किनभने यो कार्यक्रम मतदातामाझ लोकप्रिय थियो । लाखौँ घर मालिकहरूले राज्यको ढुकुटीमा जरिवानाको पैसा तिरे सरकारले त्यसको राजनीतिक लाभ उठायो ।

सन् २०१८ को क्षमादानको एक वर्षपछि इर्दोगान कारामान्मारासमा टप्किए र यो कार्यक्रमले एक लाख ४४ हजार सहरवासीका समस्या समाधान गरेको गर्वका साथ सुनाए । यो कार्यक्रमको जिम्मा पाएको निकायले मुलुकको आधाभन्दा धेरै हाउजिङ (भवन)ले भवनको मापदण्ड पूरा नगरेको खुलासा गरेको छ । 'हेर्नुस्त नगरपालिकाबाट पास भएर वैध तरिकाले बनेका भवन त भत्किए भने अवैध रूपमा निर्मित भवन कसरी सलामत रहन सक्थे ?,' छिमेकीका भवनको भग्नावशेषतर्फ देखाउँदै सेनले भनिन् । उनका श्रीमान् माथिबाट तलसम्मै सबैकुरा परिवर्तन गर्नुपर्छ भन्छन् ।

भूकम्पले भत्काएका भवनको भग्नावशेषबाट जीवितै उद्धार गर्न उद्धारकर्मी अझै संघर्षरत छन् । भूकम्पको एक सय ७५ घन्टापछि दुईजनालाई जीवितै उद्धार गरिएको छ । भूकम्पबाट मर्नेहरूको संख्या ५० हजार पुग्ने अनुमान गरिएको छ । टर्की सरकारले गुणस्तरहीन भवन बनाएको अभियोगमा कैयौँ निर्माण व्यवसायीलाई पक्राउ गरेको छ । अदाना सहरका अभियोजकले भत्केका भवनका सम्बन्धमा अनुसन्धान गर्न ६२ जनालाई हिरासतमा राख्न आदेश दिएका छन् । विद्रोहीको पकड रहेको उत्तरपश्चिमी सिरियमा उद्धारका काम समाप्त भएको जनाउँदै स्वयंसेवी संस्थाहरूले लामो गृहयुद्धका कारण त्यहाँ राहतका कार्यक्रम सञ्चालन गर्न कठिनाइ भएको बताएका छन् । सिरिया सरकारले विद्रोही नियन्त्रित क्षेत्रमा राहतका कार्यक्रम सञ्चालन गर्ने अनुमति दिएको छ । सिरिया सोमबारदेखि राष्ट्रिय शोकको घोषणा गर्दै ती स्वयंसेवी संस्थाहरूले देशको राष्ट्रिय झन्डा आधा झुकाएका छन् । दुवै देशका भूकम्पपीडित आंशिक रूपमा क्षतिग्रस्त भएका आफ्ना घरमा फर्कन डराइरहेका छन् । प्रतिकूल परिस्थितिका कारण आफ्ना भत्केका भवनको पुनर्निर्माणमा लाग्न पनि उनीहरूलाई कठिनाइ भएको छ ।













### अलस्का (९.२ रेक्टर स्केल)

अलस्काको खाडीमा सन् १९६४ को मार्च २८ मा ९.२ रेक्टर स्केलको शक्तिशाली भूकम्प गएको थियो। भूकम्पका कारण अलस्काको खाडी क्षेत्रमा भिषण पहिरो गएको थियो। साथै समुद्रमा तटीय क्षेत्रमा भूकम्पको धक्काका कारण आएको ६.७ मिटर अग्लो छालसहितको सुनामीले त्राहिमाम मच्चाएको थियो। भूकम्पमा परी १२८ व्यक्तिको मृत्यु भएको थियो भने करिब ३१ करोड अमेरिकी डलरभन्दा बढीको क्षति भएको थियो ।

### उत्तरी सुमात्रा (९.१ रेक्टर स्केल)

सन् २००४ को डिसेम्बर २९ मा इन्डोनेसियास्थित सुमात्रा टापुको उत्तरी क्षेत्रलाई केन्द्र बनाएर आएको ९.१ रेक्टर स्केलको शक्तिशाली भूकम्पले १४ मुलुकमा जनधनको व्यापक क्षति गराएको थियो। त्यसमध्ये इन्डोनेसियामा सबैभन्दा बढी क्षति पुगेको थियो। भूगर्भ शास्त्रीका अनुसार पृथ्वीको गर्भमा रहेको बर्मिज प्लेट मुन्टिरको इन्डियन प्लेट थर्किएपछि भूकम्प आएको थियो। भूकम्पका कारण जम्मा करिब २ लाख ३० हजार मानिसको मृत्यु भएकोमा इन्डोनेसियामा मात्रै करिब १ लाख ७० हजार मानिसको ज्यान गएको थियो।

### हवाई (९ रेक्टर स्केल)

सन् १९५२ को ४ नोभेम्बरमा ज्वालामुखी विस्फोट हुने संवेदनशील भूगोल रहेको रुसी प्रायद्वीप क्षेत्रको किनारलाई केन्द्र बनाएर ९ रेक्टर स्केलको शक्तिशाली भूकम्प आएको थियो। तर भूकम्पले रुसी क्षेत्रमा नभई हवाई टापुमा केही क्षति पुऱ्याएको थियो । भूकम्पपछि आएको सुनामीका कारण होनुलुलु हाबर इलाका पनि तहसनहस भएको थियो। यति शक्तिशाली भूकम्प गए पनि मानवीय क्षति भने भएको थिएन।

### इक्वेडर (८.८ रेक्टर स्केल)

इक्वेडरको तटीय क्षेत्रलाई मूल केन्द्र बनाएर सन् १९०६ को जनवरी १३ मा ८.८ रेक्टर स्केलको शक्तिशाली भूकम्प गएको थियो। भूकम्पको धक्का र त्यस लगत्तै आएको सुनामीका कारण ५ सयदेखि १५ सयको बीचमा मानिसको मृत्यु भएको थियो। भूकम्पको शक्तिशाली धक्का मध्य अमेरिकादेखि सनफ्रान्सिस्कोसम्म महसुस गरिएको थियो।

### असम-तिब्बत ( ८.६ रेक्टर स्केल)

सन् १९५० को अगस्ट १५ मा भारतको उत्तरपूर्वी प्रान्त असम र चीनको स्वशासित क्षेत्र तिब्बतमा बलियो धक्का महसुस हुने गरी ८.६ रेक्टर स्केलको भूकम्प गएको थियो। भूकम्पको प्रमुख केन्द्र तिब्बतको रिमा क्षेत्रमा रहे पनि भूकम्पका कारण आएको पहिरोले गर्दा असम क्षेत्रमा बढी क्षति भएको थियो। त्यस क्रममा करिब १५२६ मानिसको मृत्यु भएको थियो।

### चिली (८.८ रेक्टर स्केल)

२७ फेब्रुअरी २०१० मा चिलीमै ८.८ रेक्टर स्केलको अर्को शक्तिशाली भूकम्प गएको थियो। चिलीस्थित कन्सेप्सन इलाकालाई मुख्य केन्द्र बनाएर आएको भूकम्पको धक्काका कारण आएको सुनामीले गर्दा ५२१ मनिसको मृत्यु भएको थियो। भूकम्पका कारण झन्डै १२ हजार मानिस घाइते भएका थिए भने ८ लाखभन्दा बढी मानिस घरबारविहीन बन्न पुगेका थिए। भूकम्पका कारण ३० अब अमेरिकी डलरबराबरको भौतिक सम्पत्तिमा क्षति पुगेको थियो।

### चीन (७.८ रेक्टर स्केल)

चीनको ताङसान क्षेत्रलाई मुख्य केन्द्र बनाएर सन् १९७६ को जुलाई २८ मा ७.८ रेक्टर स्केलको शक्तिशाली भूकम्प जाँदा करिब २ लाख ५५ हजार मानिसको मृत्यु भएको थियो। भूकम्प १० सेकेन्ड मात्रै आए पनि यसले विनाशको ठूलै श्रृंखला निम्त्याएको थियो। भूगर्भ विज्ञानका अनुसार ताङसान क्षेत्र भूकम्पका दृष्टिकोणले कम जोखिमपूर्ण रहेकाले त्यहाँ भूकम्प निरोधी भौतिक पूर्वाधार निर्माणमा जोड दिइएको थिएन। तर सबैको अनुमान विपरीत त्यति शक्तिशाली भूकम्प जाँदा ठूलो मानवीय तथा भौतिक क्षति हुन पुगेको थियो। भूकम्पले गर्दा करिब १ अर्ब ३० करोड अमेरिकी डलरबराबरको क्षति भएको थियो।

भूकम्पबाट संसारमा वार्षिक औसत आठ हजार मानिसहरू मर्छन्। विगत चार हजार वर्षयता एक करोड ३० लाख मानिस भूकम्पबाट मारिएका छन्। एउटा भूकम्प औसत एक मिनेटसम्म जारी रहन्छ। ठूलो भूकम्पपछि अवश्यम्भावी रूपमा साना झट्काहरू उत्पन्न हुन्छन्, जसलाई 'आफ्टरसक' भनिन्छ। धेरै ठूलो भूकम्प आएको अवस्थामा त्यसको आफ्टरसक चार वर्षसम्म पनि महसुस गर्न सकिन्छ। अमेरिकाको क्यालिफोर्नियास्थित पार्क् फल्डलाई विश्वको भूकम्प राजधानी भनिन्छ। सात रेक्टर स्केलभन्दा माथिको भूकम्पलाई 'ठूलो' मानिन्छ। सन् २००४ मा इन्डियन महासागरमा आएको भूकम्प १० मिनेटसम्म चलेको थियो, जुन अहिलेसम्मकै सबैभन्दा लामो हो। संसारमा प्रत्येक वर्ष २.९ रेक्टर स्केल वा सोभन्दा कमका १३ लाख भूकम्पहरू महसुस गरिन्छन्। एउटा भूकम्पले जापानको हिरोसिमामा सन् १९४५ मा खसालिएको परमाणु बमभन्दा सयौँ गुणा बढी शक्ति पैदा गर्छ। भूकम्पभन्दा ठीक अगाडि जमिनको तापक्रम केही बढेको हुन सक्छ। चन्द्रमामा आउने भूकम्पलाई चन्द्रकम्प (मुनक्वेक) भनिन्छ। यो पृथ्वीमा आउने भूकम्पभन्दा कम शक्तिशाली हुन्छ।

### नेपाल (७.८ रेक्टर स्केल)

नेपालमा गोरखाको बारपाक केन्द्रबिन्दु बनाएर २०७२ साल वैशाख १२ गते ७.८ रेक्टर स्केलको भूकम्प गएको थियो। त्यस भूकम्पले झन्डै ९ हजारको ज्यान गएको थियो भने अरबौंको भौतिक संरचना नष्ट भएको थियो। यसअघि १९९० सालमा पनि विनाशकारी महाभूकम्पले धरहरा समेत भत्काएको थियो। त्यस्तै २०४५ सालमा गएको भूकम्पले पनि धेरै जनधनको क्षति भएको थियो। खासगरी नेपालको पूर्वी क्षेत्रमा यसको असर बढी परेको थियो। पूर्वको हङकङ भनेर चिनिने सुनसरीको पुरानो ऐतिहासिक सहर धरान झन्डै खण्डहरमा परिणत भएको थियो।

*(एजेन्सीहरूको सहयोगमा)*

प्रेरक

## बालिकाको विश्वास

एकपटक एउटा हवाईजहाज युरोपबाट अमेरिकाको यात्रामा थियो । हवाईजहाज आन्द्रमहासागरमाथि उडिरहेको थियो । सबै यात्रु आआफ्ना धुनमा थिए । कोही किताब पढिरहेका थिए । कोही मस्त निद्रामा थिए । कोही विमानको झ्यालबाट बाहिरतिर हेरिरहेका थिए । कोही मोबाइलमा गेम खेलिरहेका थिए । कोही भने आफ्नो सिटअगाडिको स्क्रिनमा सिनेमा हेरेर समय बिताउँदै थिए ।

यत्तिकैमा विमानमा प्राविधिक गडबडी आयो । विमान असन्तुलित भयो । विमान एकैपटक निकै तल झर्‍यो । सबै यात्रुको सातो गयो । सबै डरले चिच्याउन थाले । सबै यात्रु आफूले जानेसम्मका देवीदेउता भाक्न थाले । कोही घरपरिवारका आफन्तलाई सम्झेर रून थाले । कोही एकअर्कालाई अँगालो मारेर अन्तिम बिदाइस्वरूप रून थाले ।

विमानको एक छेउको सिटमा एउटी अन्दाजी १२–१३ वर्षकी बालिका बसेकी थिइन् । उनी आरामले मोबाइलमा कुनै खेल खेलेर रमाउँदै थिइन् । विमानमा यस्तो कोलाहल मच्चिँदा पनि उनमा कुनै चिन्ता देखिन्नथ्यो । यस्तो लाग्थ्यो– उनले विमानमा मच्चिएको कोलाहल देखेसुनेकै छैनन् । संयोगले केही छिनपछि विमानको गडबडी आफैँ ठीक भयो र विमान स्थिर भएर आफ्नै मार्गमा उड्न थाल्यो । सबैले लामो सास लिए । भगवान्लाई हार्दिकतापूर्वक धन्यवाद दिए ।

एकआपसमा बधाई साटासाट गरे । ती बालिकासँगैको सिटमा बसेका एक यात्रुले उनीतिर हेर्दै प्रश्न गरे– नानी, विमानमा यति धेरै खलबली मच्चिँदा पनि तिमीलाई कुनै डर लागेन ? तिमी त आरामसाथ खेलमै मग्न देखिन्थ्यौ । तिमी कान त सुन्छ्यौ नि ? बालिकाले उनीतिर पुलुक्क हेर्दै जवाफ दिइन्– सुन्छु अंकल, मजाले सुन्छु । यात्रुले पुनः प्रश्न गरे– त्यसो भए विमानमा त्यति ठूलो खैलाबैला मच्चिँदा पनि तिमीले किन कुनै प्रतिक्रिया जनाइनौ त ? बालिकाले सहजतापूर्वक जवाफ दिइन्– यो विमान मेरा बाबाले उडाउँदै हुनुहुन्छ । र, उहाँ मलाई कहिल्यै कुनै दुःखमा पार्न सक्नुहुन्न । मलाई मेरो बाबामाथि पूरापूर विश्वास छ । त्यसैले म केही गलत हुन्छ कि भनेर कत्ति पनि डराइनँ ।

## साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

अस्वस्थताले आफूलाई कमजोर भएको अनुभूति हुनेछ । काममा ढिलासुस्ती हुन सक्छ । अप्रिय समाचारले मन खिन्न बनाउला । अध्ययनमा पछि परिनेछ भने व्यापारमा सोचेको फाइदा नउठ्ने देखिन्छ । नयाँ योजना प्रारम्भ गर्न उपयुक्त साइत पर्खनुहोला । नतिजा सच्याउन काम दोहोर्‍याउनुपर्ला । लगनशील भएर प्रयत्न गर्दा बिस्तारै अवरोध हट्न सक्छ ।

### वृष

छोटो समयमा मनग्य फाइदा हुनेछ । सुन्दर पहिरनले व्यक्तित्वमा निखारता आउनेछ । प्रतीक्षा गरिएको उपलब्धि प्राप्त हुनुका साथै मनग्य धन लाभ हुनेछ । दिन मनोरञ्जनपूर्ण रहनेछ । सोख पूरा हुनेछ भने विभिन्न भौतिक साधन प्राप्तिको योग छ । व्यापारको बहानामा रमाइलो यात्रा हुन सक्छ । परिस्थिति अनुकूल रहे पनि केही विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ला । पारिवारिक भेटघाटले मन प्रसन्न रहनेछ ।

### मिथुन

यात्रा अलि कष्टपूर्ण हुनेछ । गलत व्यक्तिको विश्वास गर्नाले धोका हुन सक्छ । पहिलेका समस्या दोहोरिनाले अलमलमा परिएला । प्रतिस्पर्धी बढ्नाले केही चुनौतीहरू देखिनेछन् । काममा बाधा पुर्‍याउनेहरू प्रशस्तै हुनेछन् । विवाद तथा मुद्दाहरूमा आफ्नो पक्ष कमजोर रहनेछ । परिस्थितिसँग केही सम्झौता गर्नुपरे पनि अधिकार र प्रतिष्ठा जोगाउन सफल भइनेछ । दुःखकष्टका दिन हटेर राम्रा दिनको सुरु हुनेछ । सोचेको काम पूरा हुनेछ ।

### कर्कट

स्वास्थ्यमा कमजोरी अनुभूति हुनेछ भने चिताएको काममा विलम्ब हुन सक्छ । समयको मागअनुसार चल्न नसक्दा पछि परिनेछ । अरूका लागि बुद्धि र श्रम खर्चनुपर्ला । बौद्धिक व्यक्तित्वहरूसँग प्रतिस्पर्धा गर्नुपर्ने स्थिति आउन सक्छ । समयको तालमेल नमिल्दा योजना अधुरै रहनेछ । हल्लाको पछि लाग्दा दुःख पाइनेछ । मिहिनेत गर्दा बिस्तारै उपलब्धि प्राप्त हुनेछ ।

### सिंह

केही समस्या देखिए पनि आँटेको काम सम्पादन हुने समय छ । प्रयत्न गर्दा साथीभाइसँगको असमझदारी सम्झौतामा टुंगिनेछ । दिगो योजनाका साथ अघि बढ्दा बिस्तारै लाभ मिल्नेछ । अरूको व्यवहारले शंका उब्जाए पनि शुभचिन्तकहरूको साथ प्राप्त हुनेछ । कृषि तथा पशुपालनबाट सामान्य फाइदा मिल्नेछ । दोहोर्‍याएर प्रयत्न गर्दा रोकिएको काम समेत बनाउन सकिनेछ ।

### कन्या

सहयोगीहरूसँग केही असमझदारी बढ्नेछ । आश्वासन दिनेहरूले प्रतिबद्धता पूरा नगर्न सक्छन् । तापनि मिहिनेत गर्दा राम्रो परिणाम प्राप्त हुनेछ । विवादास्पद काममा जुट्नुपरे पनि धन आर्जन गर्न सकिनेछ । प्रतीक्षित नतिजा कमजोर देखिए पनि थप कामतर्फ उत्साहित भइनेछ । थोरै लगानीबाट पनि नाफा कमाउन सकिनेछ । व्यापारमा सामान्य फाइदा हुनेछ ।

### तुला

अरूको भरपर्दा प्रभावकारी काम नहुन सक्छ । मानसम्मानमा बाधा पुग्नेछ । विचारलाई तौलेर मात्र व्यक्त गर्नुहोला । बुद्धिको उपयोगले अरूलाई आफ्नो पक्षमा लिन सकिनेछ । विवेकले काम लिने प्रयत्न गर्नुहोला । आवश्यक पर्दा सहयोगीहरूको साथ पाइनेछ । मिहिनेत गर्दा बिस्तारै काम बन्नेछ । विभिन्न अवसर प्राप्त हुनाले दैनिकीमा परिवर्तन आउनेछ ।

### वृश्चिक

तारिफयोग्य काम सम्पादन हुनाले प्रशंसकहरू बढ्नेछन् । विशेष अवसरले प्रसन्नता दिलाउनेछ भने सहयोगीहरूले काममा उत्साह जगाउनेछन् । विशिष्ट व्यक्तिहरूसँग भेटघाट हुनेछ । आकर्षक उपहारले उत्साह जगाउनेछ । रोकिएका काम सम्पादन हुने र नयाँ काम पाइने योग छ । पारिवारिक जमघटले आनन्द दिलाउनेछ । मिहिनेतले आत्मविश्वास बढाउने समय छ ।

### धनु

बेसुरमा काम गर्ने बानीले चुनौती निम्त्याउन सक्छ । लगानी बढाउनुपर्ने बाध्यात्मक परिस्थिति आउन सक्छ । अवसरको खोजीमा केही दौडधुप गर्नुपर्ला । खर्च लागे पनि यात्रा गर्ने प्रक्रिया अघि बढ्नेछ । आफन्तबाट टाढिनुपरे पनि टाढाका साथीभाइसँग सम्पर्क बढ्नेछ । विवादास्पद काममा जुट्नुपरे पनि मिहिनेत गर्दा राम्रो परिणाम प्राप्त हुनेछ । व्यापारमा फाइदा हुनेछ ।

### मकर

आयआर्जनका स्रोत बढ्नेछन् र दैनिक काममा पनि उल्लेख्य फाइदा हुनेछ । परिश्रमको फल प्राप्त हुने समय छ । दिगो फाइदा हुने काममा लगानी गर्ने मौका छ । व्यापार तथा साझेदारीमा फाइदा हुनेछ । आम्दानी बढ्नेछ भने परिवारजनका आवश्यकता पूरा हुनेछन् । पहिलेको सफलताले हौसला जगाउनेछ । मिहिनेतले नाम, दाम र इनाम समेत दिलाउन सक्छ ।

### कुम्भ

तत्कालको सामान्य फाइदा हेर्दा पछिलाई घाटा हुन सक्छ । बेसुरमा बोल्ने बानीले दुःख पाइनेछ । विशेष योजना सार्वजनिक नगर्नुहोला । काम बिग्रने डरले सताउनेछ । साझेदारीमा समस्या आउनाले पहिलेको सम्झौता भंग हुन सक्छ । अरूको व्यवहारले शंका उब्जाए पनि मान्यजनको सुझाव शिरोधार्य गर्दा फाइदा हुनेछ । दिगो योजना थाल्न केही समय प्रतीक्षा गर्नुहोला ।

### मीन

बाध्यतामा अलमलिनुपर्दा चिताएको काम रोकिनेछ । आश्वासन बाँड्नेहरूले झुक्याउनेछन् भने पहिलेका सहयोगीहरू पछि हट्न सक्छन् । परिस्थिति अनुकूल रहे पनि अरूका लागि बुद्धि खर्चनुपर्नेछ । जीवनशैली व्यस्त रहनेछ तर उपलब्धिविहीन काममा समय बित्न सक्छ । गरी आएको कामलाई निरन्तरता दिन सकिनेछ । तर नयाँ काम गर्न समय पर्खनुहोला । रमाइलोमै दिनहरु बित्ने समय आएको छ ।

## "बसौंन तिमी र म" सार्वजनिक



काठमाडौं । गायक तुलसी सिवाकोटीको नयाँ गीत 'बसौंन तिमी र म' सार्वजनिक भएको छ । सिवाकोटीको अफिसियल युट्युब च्यानलबाट रिलिज उक्त गीतमा सिवाकोटीसंगै गायिका रिता केसीले आवाज दिएका छन् भने शब्द र संगीत रवि मल्लको रहेको छ ।

गीतलाई दीक्षित पौडेलले एरेन्ज गरेका छन् भने मिक्सिङ चन्द्र चौधरीले गरेका छन् । गीतको भिडियोमा विकास लामिछाने र अलिया अधिकारी प्रेमील जोडीका रुपमा प्रस्तुत भएका छन् । भिडियोलाई क्यामेरामेन दिनेश पराजुलीले खिचेका हुन् भने सम्पादन दिनसन साहले गरेका छन् । त्यस्तै, भिडियोको निर्देशन एवम् कोरियोग्राफी केशव राज भट्टले गरेका छन् । भिडियो हेर्नुहोस :https://www .youtube .com/watch?v=GceACLYsdvg

## नेपाल फिल्म सोसाइटी अमेरिकाको संरक्षकमा पाठक



काठमाडौं । नेपाल फिल्म सोसाइटी अमेरिकाको संरक्षकमा सुनिल पाठक मनोनित हुनुभएको छ । बिगत लामो समयदेखि अमेरिकामा बसेर नेपाली चलचित्रको प्रवर्द्धनका लागि नेपाली कला संस्कृति, भाषाको संरक्षण तथा सम्बर्धन गर्दै आउनुभएका पाठक नेपाली समुदायमा मात्र नभई विदेशी नागरिकबीच समेत उत्तिकै लोकप्रिय हुनुहुन्छ । विशेष गरी नेपाली चलचित्रलाई अन्तर्राष्ट्रिय क्षेत्रमा स्थापित गराउनुपर्छ भनेर लागि पर्नुभएका पाठक कालाकारहरूको समेत प्रियपात्रका रुपमा परिचित हुनुहुन्छ ।

नेपाल फिल्म सोसाइटी अमेरिकाको विधिविधान, विश्वसनीयता, मर्यादा र सिद्धान्तलाई संरक्षकत्वको प्रदान गर्नेछ र संस्थाको गरिमालाई उच्च बनाउन महत्वपूर्ण भूमिका निर्वाह गर्नुहुनेछ भन्ने विश्वासका साथ संरक्षकको रुपमा चयन गरिएको नेपाल फिल्म सोसाइटी अमेरिकाको अध्यक्ष नवराज श्रेष्ठ बताउनुहुन्छ ।

## कलाकार खड्काको अध्यक्षमा दाबी



काठमाडौं । २०७९ चैत्र ४ गते हुन लागेको नेपाल चलचित्र कलाकार संघको महाधिवेशनमा वर्तमान अध्यक्ष रविन्द्र खड्काले पुनः अध्यक्ष पदको उम्मेदवारी घोषणा गरेका छन् । उनले सामाजिक संजाल फेसबुकमार्फत पुनः अध्यक्ष पदमा उम्मेदवारी दिने औचित्य प्रस्ट्याएका छन् । संघको विकास र चलचित्र क्षेत्रमा विद्यमान बेथिती कम गर्दै समग्र नेपाली चलचित्रलाई माथि उठाउने उद्देश्य राखेर नेतृत्वमा पुगेका रविन्द्र खड्का कोभिड-१९ को कारणले भने जति कार्य गर्न असमर्थ रहेकोले पनि आफ्नो कार्यकालमा सुरु भएको महत्वपूर्ण कार्यहरू पूरा गर्न फेरि एकपल्ट अध्यक्ष पदमा आफूलाई जिताउन आग्रह गरेका छन् ।

नेपाल चलचित्र कलाकार संघ स्थापना कालदेखि नै कलाकारकहरूको उत्थान, हित र चलचित्रको प्रवर्द्धनमा क्रियाशिल रहिआएको र आफ्नै कार्यकालमा संघको आफ्नै भवन निर्माण गर्न सफल भएको र अझ संघको भवनको व्यवस्थापन गर्न बाँकी र अन्तर्राष्ट्रिय क्षेत्रमा आफ्नै कार्यकालमा खोलिएको शाखाहरूलाई सक्रिय बनाउन समेत उम्मेदवारी अपरिहार्य रहेको वरिष्ठ नायक रविन्द्र खड्का बताउँछन् ।

कोभिड -१९ कोरोनाको महामारी प्रारम्भ भएदेखि सबै क्षेत्रजस्तै चलचित्र क्षेत्र पनि ठप्प भएको अवस्थामा लकडाउनको अवधिमा विभिन्न स्रोतबाट विभिन्न समस्याग्रस्त कलाकारहरूलाई राहत उपलब्ध गराउनेदेखि हरेक कलाकारहरूको उत्थानमा आवाज उठाउँदै सम्पूर्ण कलाकारहरूको दुःख पीडा र समस्यामा विभिन्न स्रोत साधन जुटाएर सहयोग गर्दै आएको सर्वविदितै छ । उनले कलाकार संघलाई अघि बढाउन फेरि पनि एक कार्यकाल अपरिहार्य रहेको हुँदा सम्पूर्ण चलचित्र कलाकारहरूलाई आगामी निर्वाचनमा सहयोग गरी मत दिन अनुरोध गरेका छन् ।

स्मरण रहोस् चैत्र ४ गते हुन लागेको संघको निर्वाचनमा सम्पूर्ण चलचित्रकर्मीलाई एकताबद्ध गराई सर्वसम्मत रूपमा अध्यक्ष तथा कार्यसमिति चयन गरियोस् भनेर त्यसका लागि वर्तमान अध्यक्ष रवीन्द्र खड्काले आफूबाहेकका अध्यक्ष पदमा घोषणा गरेका उम्मेदवारहरूसँग सरसल्लाह गरेर आफूलाई सर्वसम्मत अध्यक्ष चयन गर्न आग्रह गरेका छन् । अझ पनि सर्वसम्मत हुन सके आफू उम्मेदवारी नबन्ने उनको भनाइ छ ।

## अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Quarry = खनेर वा फुटाएर निकाल्ने Many people in Dhading live quarrying stones on the bank of river धादिङमा धेरै मानिसहरू नदी किनारमा भएको ढुंगा फुटाएर जीवन यापन गर्दछन् ।

Ruthless = निर्दयी For his ruthless behaviour, he is everywhere unpopular निर्दयी व्यवहारले गर्दा उसलाई कसैले पनि मनपराउँदैनन् ।

Sporadic = आक्कलझुक्कल Sporadic attempts were made to reform the judicial system but non of them was successful न्यायप्रणालीमा सुधार गर्ने आक्कलझुक्कल प्रयास भए तापनि तीमध्ये कुनै पनि सफल भएनन् ।

Turmoil = ठूलो विवाद, भ्रम वा अव्यवस्था In current political turmoil, it is not wise to involve in politics अहिलेको भ्रमपूर्ण राजनीतिक अवस्थामा राजनीतिमा सफल नहुनु नै राम्रो हुन्छ ।

Untowards = दुर्भाग्यपूर्ण Her encounter with her ex-husband in the party was untowards because she did not know that he was also invited पूर्वपतिसँग आकस्मिक भेट उनका लागि दुर्भाग्यपूर्ण थियो किनकि उनलाई ऊ पनि त्यहाँ आमन्त्रित थियो भन्ने कुरा थाहा थिएन ।

Vociferous = हल्लापूर्ण As crowd grew vociferous in its anger, the authority armed force to control them जब भीड क्रोधित हुँदै होहल्ला मच्चाउन थाल्यो, अधिकारीहरूले त्यसलाई नियन्त्रण गर्न सैनिक तैनाथ गरे ।

Wanton = कूभावनाले ग्रसित भई लागीपर्नु Taliban carriedout the wanton destruction of historic Boudha statue of Bamiyan तालिवानहरूले कूभावनाले ग्रसित भई वामियानमा रहेका ऐतिहासिक बुद्धमूर्तिहरू नष्ट गरे ।

Anarchy = अराजकता The never ending political instability has pushed the country into a state of anarchy सधैं रहिरहने राजनीतिक अस्थिरताले देशलाई अराजकताको स्थितितिर धकेलिदिएको छ ।

Browse = सरसरती हेर्नु वा खोज्नु He spends most of his time browsing the internet ऊ आफ्नो धेरैजसो समय इन्टरनेटमा काम लाग्दा सूचना खोज्नमै लगाउँछ ।

Condone = थाहा पाएर पनि विरोध नगर्नु Ruling party condoned the violence done by police as if nothing had happened सत्तारुढ दलले प्रहरीले गरेको हिंसालाई केही होइन भनेर थाहा नपाएझैं गरी बस्यो ।

## Catch बाट के के कुरा भन्न सकिन्छ थाहा पाउनुहोस्

Catch on in = मा लोकप्रिय हुनु Miniskirt caught very much on in 1960 s मिनिस्कर्ट ६० को दशकमा निकै लोकप्रिय भयो ।

Catch somebody out = कसैलाई नजान्ने बनाउनु He is very much intelligent, nobody can not catch him out ऊ ज्यादै जेहेन्दार छ, कसैले उसलाई नजान्ने बनाउन सक्तैन ।

Catch somebody up = भेट्टाउनु Go immediately there, I will catch you up in an hour तिमी तुरुन्तै त्यहाँ गइहाल म तिमीलाई एक घण्टामै भेट्टाउने छु ।

Catch up with other = ले मर्नु Put on a woolen jacket otherwise you will catch your death ऊनको ज्याकेट लगाउ होइन भने जाडोले मर्लाउ ।

Catch something = लाग्नु Do not stand near to fireplace you might catch fire आगोको नजिकै नउभिऊ, आगो लाग्ला ।

Catch something = अठ्याउनु If your father finds you here in this condition he will really catch it यो अवस्थामा तिम्रो बाबुले भेट्छ भने तिमीलाई राम्रै अँठ्याउला ।

Catch somebody napping = कसैको कमजोरी देखाउनु Do not let the boss catch you napping हाकिमलाई आफ्नो कमजोरी नदेखाउ ।

Catch some body red handed = रंगे हात समात्नु The police caught him red handed while taking bribe प्रहरीले उसलाई घूस लिंदा लिंदै रंगे हात समात्यो ।

Catch sight of = को देख्नु We could catch a sight of a car running in the distance हामीले पर एउटा कार दौडिरहेको दृश्य देख्यौ ।

Catch on = बुझ्नु She is very slow to catch on तिनी अलि ढिलो कुरा बुझ्छिन् ।

## फागु पर्व सभ्य रुपमा मनाऔं


- आपसी सहमतिमा उल्लासपूर्वक फागु पर्व मनाऔं ।
- जबरजस्ती लोला हान्ने, पानी छ्याप्ने तथा रङ्ग दल्ने काम नगरौं ।
- सामाजिक तथा सांस्कृतिक मर्यादा र शिष्टाचारको पालना गरौं ।
- हानिकारक र रसायनयुक्त रङ्गको प्रयोग नगरौं ।
- मदिरा तथा लागु पदार्थको सेवन नगरौं ।
- गैरकानुनी र उच्छृङ्खल व्यवहार नगरौं ।
- चाडपर्वलाई मौलिक रूपमा मनाऔं, सभ्य नागरिकको परिचय दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


### सुडोकु–अंक २८९


| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | २ | | ३ |
| ५ | ९ | ३ | | | १ | | | |
| २ | | | | | ७ | ९ | ८ | |
| | | | | | ४ | ३ | | |
| | १ | | | | | | ६ | |
| | | ७ | ५ | | | | | |
| | ६ | ५ | १ | | | | | ४ |
| | | | ३ | | | ८ | ९ | ६ |
| ३ | | ९ | | | | | | |

### अंक २८८ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ८ | ३ | ४ | ९ | ६ | ५ | ७ | २ | १ |
| १ | ६ | ९ | ४ | ७ | २ | ८ | ३ | ५ |
| २ | ७ | ५ | ८ | ३ | १ | ४ | ६ | ९ |
| ५ | ९ | ७ | ६ | ४ | ३ | २ | १ | ८ |
| ४ | ८ | १ | २ | ५ | ७ | ६ | ९ | ३ |
| ३ | २ | ६ | १ | ९ | ८ | ५ | ७ | ४ |
| ९ | ४ | ३ | ५ | २ | ६ | १ | ८ | ७ |
| ७ | १ | २ | ३ | ८ | ४ | ९ | ५ | ६ |
| ६ | ५ | ८ | ७ | १ | ९ | ३ | ४ | २ |

# Characteristic Artistic Performance in the DPRK in Celebration of New Year

## Rules of the Kim Il Sung-Kim Jong Il Foundation



Article 1 Establishment

The Kim Il Sung - Kim Jong Il Foundation was established on the occasion of the centenary of the birth of President Kim Il Sung and the 70th anniversary of the birth of Chairman Kim Jong Il in reflection of boundless reverence of all the Korean people and the world's progressives for the great leaders and their unanimous wish to hold them in high esteem forever as the sun of Juche.

Article 2 Mission

The mission of the Kim Il Sung - Kim Jong Il Foundation is to preserve the Kumsusan Palace of the Sun, where the great leaders lie in state, as the eternal supreme sanctuary of Juche and to raise funds for education, public health and environmental protection, as well as for peace and progress of mankind true to the instructions of the great leaders who devoted their all to the well-being of the people.

Article 3 Headquarters and Offices

The Kim Il Sung - Kim Jong Il Foundation is headquartered in Pyongyang, the capital of the Democratic People's Republic of Korea, and shall have its offices abroad.

Article 4 Top Governing Body

1. The Board of Directors (BD) shall be the top governing body of the Kim Il Sung - Kim Jong Il Foundation and the Secretariat shall represent the BD between its sessions.
2. Chairman, vice-chairmen and directors shall be elected by the BD.
3. Members of the BD shall abide by the Rules, have rights to speak and vote in discussions, and perform their duties assigned by the BD.
4. The BD shall consist of 10 to 15 persons, or more, if necessary.
5. The term of office of the BD shall be 4 years and it shall meet more than once annually.
6. The session of the BD shall be met when it has a quorum of at least two thirds of the total number of its members.
7. The Secretariat shall have relevant departments and have authority to form or dissolve a department.

Article 5 Duties of the Board of Directors

The Board of Directors shall:

1. Review the results of the activities of the Kim Il Sung - Kim Jong Il Foundation and deliberate and decide on measures to expand and develop the Kim Il Sung - Kim Jong Il Foundation;
2. Formulate, amend and supplement the Rules;
3. Assign duties to the members of the BD;
4. Deliberate and decide on the orientation and plan for the development of the Kim Il Sung - Kim Jong Il Foundation; and
5. Deliberate on and approve the budget of the Kim Il Sung - Kim Jong Il Foundation.

Article 6 Duties of the Secretariat

The Secretariat shall:

1. Organize and conduct all the activities of the Kim Il Sung - Kim Jong Il Foundation between the sessions of the BD;
2. Give local and external publicity to the popular traits and exploits of President Kim Il Sung and Chairman Kim Jong Il;
3. Organize and conduct activities conducive to education, public health and environmental protection, as well as to peace and progress of humankind true to the instructions of the great leaders;
4. Edit, print and issue various publications for promoting the Kim Il Sung - Kim Jong Il Foundation;
5. Accept, manage and disburse the donations;
6. Carry out the making and awarding of the Certificate of Donation;
7. Work out the orientation of the development of the Kim Il Sung - Kim Jong Il Foundation and compile its budget; and
8. Undertake exchange and cooperation with foreign counterparts.

Article 7 Membership

1. Members of the Kim Il Sung - Kim Jong Il Foundation, as non-standing members, shall be individuals or organizations who have accepted the rules for membership and are desirous of contributing to the development of the Kim Il Sung - Kim Jong Il Foundation.
2. Individuals or organizations hoping to be members shall notify the Secretariat of their wishes and go through relevant formalities to be a member or a member organization.
3. Members shall pay charges for admission registration and the membership fee.

Article 8 Donation

1. Any person willing to donate with a profound feeling of respect for President Kim Il Sung and Chairman Kim Jong Il may take part in donation regardless of nationality, race, political view and religious belief.
2. Donations shall be made in cash in principle, or in the form of various assets which can be expressed as or converted into cash if need be.

Article 9 Management of Donations

1. The Kim Il Sung - Kim Jong Il Foundation shall, in principle, disburse donations according to the decision of the BD.
2. The Kim Il Sung - Kim Jong Il Foundation shall use donated assets by converting them into cash if need be.
3. The Kim Il Sung - Kim Jong Il Foundation shall make known the details of the spending of donations at the annual sessions of the BD.
4. The Kim Il Sung - Kim Jong Il Foundation shall have its own financial accounting.

Article 10 Favours to Donors

1. Individuals or organizations who have donated to the Kim Il Sung - Kim Jong Il Foundation shall be given a certificate of donation issued by the BD.
2. Donors who have made a huge contribution to the work of the Kim Il Sung - Kim Jong Il Foundation shall be conferred an honorary title by the BD.
3. Donors shall be provided with every convenience for their activities in the territory of the DPRK.

Article 11 Economic Activities

The Kim Il Sung - Kim Jong Il Foundation shall have a corporation that conducts economic and trading activities to ensure sustained fund-raising.

Article 12 Name and Logo

1. The Korean name of the Kim Il Sung - Kim Jong Il Foundation is 김일성김정일기금, its English name is KIM IL SUNG-KIM JONG IL FOUNDATION, and its abbreviation is KKF.
2. The logo of the Kim Il Sung - Kim Jong Il Foundation bears the design of a torch in the middle of the globe encircled by cheering crowds with the inscription of the Korean and English names of the Kim Il Sung - Kim Jong Il Foundation.

In celebration of the new year 2023, the May Day Stadium in Pyongyang, the capital city of the Democratic People's Republic of Korea, hosted a characteristic artistic performance staged by authoritative art organizations and art schools in the city.

Striking stage setting, varied illumination, colourful fireworks, enthusiastic performers, and passionately responding spectators presented quite a scene of excitement.

**"Let's Always BeReady!"**

In late December 2022 the Ninth Congress of the Korean Children's Union was held to discuss and decide on important issues for strengthening and developing the organization.

The congress discussed the issues of preparing all KCU members into dependable pillars by encouraging them to study hard, participate in the organizational life sincerely and take an active part in do-good-deeds movements.

Through the KCU life, the Korean children appreciate how precious their collective and comrades are and learn how to devote themselves for the development of their country and society. Holding high the slogan, "Let us learn for Korea!" they are preparing themselves into reliable pillars of their country by studying hard and acquiring noble moral traits and sturdy physique.

"Let's always be ready for the socialist homeland!"– this is the aspiration of KCU members.























Opening ceremony of the Ninth Congress of the Korean Children's Union




KCU delegates adopting a decision on strengthening and developing their organization at the Ninth Congress of the KCU





Learning after the noble spirit of the anti-Japanese revolutionary forerunners who willingly dedicated their lives for the country's liberation



Visiting the Fatherland Liberation War Martyrs Cemetery

## अन्त्य होला ...

विशेषगरी खाद्य सुरक्षा र वित्तीय क्षमताबारे छलफल गरेका थिए। उनीहरूले 'अन्तर्राष्ट्रिय कानुनअनुसार शान्तिका लागि योगदान गर्ने एउटै उद्देश्य' व्यक्त गरेका एलिसी प्यालेसले जनाएको छ।

फ्रान्स भ्रमणपछि वाङले शुक्रबारदेखि आइतबारसम्म हुने म्युनिख सुरक्षा सम्मेलनमा सहभागी हुँदै आफ्नो भ्रमणलाई निरन्तरता दिनेछन्। उनले मस्कोको पनि भ्रमण गर्नेछन् ।फ्रान्सेली राष्ट्रपतिले जलवायु संकटलगायत 'विश्वव्यापी चुनौती'को सामना गर्न चीनसँग सहकार्य गर्ने बताएका छन्।

वाङले बुधबार फ्रान्सकी विदेशमन्त्री क्याथरिन कोलोनासँग भेटवार्ता गरेका थिए भने बिहीबार (स्थानीय समय) म्याक्रोँका कूटनीतिक सल्लाहकार इमानुएल बोनसँग रणनीतिक विषयमा छलफल गर्नेछन्।

## दाहाल...

एमालेबाट हुनुपर्ने बताएको छ भने माओवादी केन्द्रले राष्ट्रपतिमा राष्ट्रिय सहमति हुनुपर्ने बताइरहेको छ। प्रधानमन्त्री प्रचण्डलाई नेपाली कांग्रेसले समेत संसदमा विश्वासको मत दिएपछि माओवादीले राष्ट्रिय सहमतिमा जोड दिन थालेको हो। स्रोतका अनुसार माओवादीले राष्ट्रपतिको उम्मेदवारी दर्ता गर्ने दिन फागुन १३ गतेभन्दा अघि नै राष्ट्रपतिमा कांग्रेस उम्मेदवारलाई समर्थन गर्ने निर्णय गर्न लागेको छ।

## फोहोर...

छुट्टाछुट्टै भाँडामा राख्नुपर्नेछ। संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किरातीको सिफारिसमा नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानमा निशा शर्मा, नेपाल प्रज्ञा प्रतिष्ठानमा भूपाल राई र नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान नारदमणि हार्तम्छाली कुलपतिमा नियुक्त भएका हुन्।

## शंकराचार्य...

प्रवचन दिन १० सदस्यीय टोलीसहित उहाँ काठमाडौं आउन लाग्नुभएको हो। यस वर्षको महाशिवरात्रि शनिबार परेको छ।

पशुपति क्षेत्र विकास कोषले बुधबार आयोजना गरेको पत्रकार सम्मेलनमा कोषका सदस्यसचिव डा. मिलनकुमार थापाले महाशिवरात्रिको अघिल्लो दिनदेखि शिवरात्रिको भोलिपल्टसम्म पशुपतिमा शङ्कराचार्य पूजन महोत्सव कार्यक्रममा सहभागी हुन शङ्कराचार्य पशुपतिनाथ आइपुग्ने जानकारी दिए।

कोषका अनुसार हिन्दु धर्मका सर्वोच्च व्याख्याता एवं संरक्षक मानिने चार शङ्कराचार्यमध्ये उहाँ सबैभन्दा वरिष्ठ व्याख्याता हुनुहुन्छ। शङ्कराचार्यले पहिलो दिन आशीर्वचन दिने कार्यक्रम रहेको छ। पशुपति परिसरमा महाशिवरात्रिका अवसरमा यस प्रकारको यो पहिलो विशेष कार्यक्रम आयोजना हुन लागेको हो।

## अखिलमा...

बिहान ८ बजे मतदान भएको छ। 'चुनावका लागि निर्वाचन आयोगलाई जिम्मा लगाइसकेका छौँ' अध्यक्ष मण्डलका सदस्य भट्टराईले भने।

बडाल नेतृत्वको पूर्वकमिटी भंग गरेर एमाले नेता भानुभक्त ढकालको नेतृत्वमा अध्यक्ष मण्डल गठन गरेको थियो, जसले बन्दसत्र र निर्वाचनको प्रक्रिया सम्पन्न गरेर नयाँ नेतृत्वको घोषणा गर्नेछ।

अध्यक्ष मण्डलको सदस्य तथा निवर्तमान अध्यक्ष सुनिता बरालका अनुसार महाधिवेशनले १९९ सदस्यीय केन्द्रीय कमिटी चयन गर्नेछ भने जसअनुसार उपाध्यक्ष चारजना र सचिव १० जना चयन हुनेछन्। जारी महाधिवेसनले १५-१५ सदस्यीय तीनवटा आयोग पनि गठन गर्नेछ।

## शिवरात्रिको...

बनाउँदा बेलुका सेउला भाँचेर केही सेउला र पात फाल्यो। झाडीमा बीचमा शिवलिंग रहेछ, त्यसका टाउकामा बेलपाती पऱ्यो, त्यसैले शिवरात्रिका राति शिवजीमा बेलपाती चढ्न पुग्यो।

भोक र चिन्ताले हरे शिव ! हरे शिव !! भनेर बारम्बार भन्दै गर्दा त्यत्तिकैमा रातको पहिलो प्रहर बित्यो। अनि एउटी सुन्दरी गर्भिणी मृगी पानी खान त्यस तलाउमा आई। व्याधाले बाण हान्न लागेपछि बेलका पातले छेकेको हुँदा ती पात टिपेर दाहिनेतिर फाल्दा शिवलिंगका टाउकामा परे। रातका दोस्रा प्रहरमा पनि शिवलिंगमा बेलपाती चढ्न पुग्यो। फागुनको दिन भएको हुँदा शीत परेर स्नान भइराखैकै थियो। जब मृगीलाई बाण हान्न लाग्यो त्यो मृगीले मान्छेको जस्तो आवाज बोलेर भनी ए व्याधा किनमलाई मार्छौं ? त्यसोभन्दा व्याधा आश्चर्यचकित भएर सोध्यो (हे मृगी तिमी को हौ ? कसरी मान्छेको बोली बोल्छेउ ? भन्यो, अनि मृगीले भनी (म स्वर्गकी अप्सरा थिएँ। मेरो नाच मनपराएर शिवजी सधैं हेर्नुहुन्थ्यो।

शीतद्वारा स्नान, केही खाने कुरा नपाएर उपवास, मृगको खोजीमा दौडँदा प्रदक्षिणा, साहुले मन्दिरमा थुनेका हुँदा शिवलिंगको दर्शन, शिवको पूजा गर्न आएका भक्तहरूको दर्शन, ती भक्तहरूले भनेका कथा सुनिएका हुँदा कथाश्रवण, झाडी पन्साउँदा शिवमा विल्वपत्रार्पण, भोक, निद्रा, चिन्ता र थकाइले शिव ! शिव ! भन्दा शिवको भजन, कीर्तन हुँदा व्याधाका हृदयमा सद्बुद्धि पलायो।

मेरा पति हिरण्याक्ष दैत्य थिए। एक दिन पतिसँग क्रीडा गर्दा नाचमा जान ढिला भएछ। शिवजीले रिसाएर किन ढिलो गरेकीभन्दा श्रापका डरले मैले साँच्चो भने। तँ बढी कामासक्त रहिछस्, तँ र तेरो पति मृग र मृगी भएर वनमा विहार गर्नेछौं, व्याधाले मार्न खोज्दा पूर्वजन्मको स्मरण भई शिवलिंगको दर्शन गरेर मोक्ष हुनेछौं भनी श्राप दिनुभएको थियो। म दुब्ली र गर्भिणी पनि छु मलाई नमार, पछि अर्की बल्ली मृगिणी आउँछे, त्यसलाई मार्यौं भने परिवारलाई आहार पुग्छ। अथवा म नै घरगई बच्चा जन्माएर घरमा अह्राइवरी आउनेछु, अनि मलाई मारौला भनी। त्यसो भए भोलि आउनेमा सत्यप्रतिज्ञा गरेर जा, भनेर व्याधाले भन्यो। अनि मृगी भन्छे ! ब्राह्मण भएर जो वेद पढ्दैन, स्नान सन्ध्यादि गर्दैन, यज्ञ गराउन नहुनेलाई यज्ञ गराउँछ, नास्तिक छ, वेदको बिक्री गछ, एघारौंको दिनको शैया लिन्छ, जो बत्तीमा बत्ती सल्काउँछ, गोहत्या ब्रह्महत्या, नारी हत्या र गुरु हत्या गर्दछ त्यस्तालाई जुन पाप लाग्छ सो पाप मलाई लागोस्। कृतघ्नलाई, कदरेलाई सम्पत्ति भएर पनि परिवार तथा आफूलाई नख्वाउने र नखानेलाई कदरे भनिन्छ। त्यस्तालाई लाग्ने पाप, कथाभन्दा विघ्न गर्ने, कन्याबिक्री गर्ने, पत्नी र छोराछोरीलाई नदिई एक्लै मीठो खानेलाई जुन पाप लाग्छ, यदि भोलि म नआएमा त्यो पाप मलाई लागोस्। भनेपछि व्याधाले मृगीलाई छाड्यो। फेरि वेलपाती टिपेर फाल्दा शिवका शिरमा परेर दोस्रो प्रहरको पूजा पनि भयो।

त्यसपछि कामले पीडित भएर पति खोज्दै अर्की मृगी आई। त्यसलाई मार्न खोज्दा त्यो पनि पहिलेकी मृगीझैं बोली (हे व्याधा मेरी बहिनी आएकी थिई ? सत्य भन्। फेरि विरहले मेरो बल तेज सबै समाप्त भएको छ, मलाई मारेर तिम्रा परिवारको जीविका पुग्दैन, मलाई नमार। बरू पछि बलियो मृग आउनेछ त्यसलाई मारेमा छाक टर्छ, भनी। अनि व्याधाले हो आएकी थिई, बिहान आउँछु भनेर सत्यप्रतिज्ञा गरेर गई भन्यो। अनि त्यस मृगीले पनि सत्यप्रतिज्ञा गरी, तलाउ कुवा आदि नाश गर्ने, बाटामा अवरोध गर्ने, क्षत्रीय भएर लडाइँबाट भग्ने आदिलाई जुन पाप लाग्छ म भोलि नआाएमा त्यो पाप मलाई पनि लागोस्, भनेपछि त्यसलाई पनि छोडिदियो। फेरि बेलका पात टिपेर फ्याँक्दा शिवका शिरमा पऱ्यो र तेस्रो प्रहरको पूजा पनि भयो। त्यसपछि भोक र थकाइले हरे शिव ! हरे शिव !! भन्दै मृगको बाटो हेरिरहेका बेला एउटा ठूलो, मोटो र बलियो मृग आयो। त्यसलाई मार्न खोज्दा त्यसले पनि मान्छेकै जस्तो आवाज बोलेर मेरी प्राण समानकी पत्नी पनि यसले मार्यो।

पत्नी विना बाँच्नु धिक्कार छ। पत्नी विनाको घर जंगल समान हो। धर्म, अर्थ काम र मोक्षकी सहयोगिनी पत्नी नै हो। हे व्याधा साँचो भन। यहाँ दुईवटी मृगी आएका थिए ? ती कता गए ? व्याधाले भन्यो.. हो आएका थिए। भोलि आउँछौं भनेर सत्य प्रतिज्ञा गरेर गए। अनि मृगले भन्यो हे ! व्याधा अहिले मलाई नमार। मेरी पत्नी ऋतुमती छ, त्यसाई ऋतुदान दिएर घरमा अराइपराइ गरेर उँछु, भन्दा कस्तो प्रतिज्ञा गर्छौं भनी व्याधाले सोद्धा मृगले भन्यो, श्रीमानलाई ठग्ने, मालिकलाई ठग्ने, मित्रलाई ठग्ने, गुरुद्रोह गर्ने, एउटै पंतिमा बसेकालाई पंतिभेद गर्ने, अर्काको निन्दा गर्ने, परस्त्रीमा आसक्त, वेदशास्त्रको निन्दा गर्ने, विष्णु, शिव, देवी, सूर्य र गणेशलाई छाडेर अरूको पूजा गर्ने, यी पाँचमा भेद गर्ने-आमा बुबालाई हेला गर्ने, कन्याबिक्री गर्ने, आदिलाई जुन पाप लाग्छ, त भोलि नआएमा त्यो पाप मलाई लागोस् भनेपछि व्याधाले छोडिदयो। फेरि शिव ! शिव ! भन्दै बेलका पात टिपेर फाल्दा शिवका शिरमा परेर चौथो प्रहरको पूजा भयो। त्यसपछि सूर्योदय भयो र अर्की मृगी बच्चाहरू लिएर आई। त्यसलाई मार्न खोज्दा बच्चायुक्त मृगीलाई मार्न हुँदैन भनी।

मेरा जहान बच्चा भोकै छन्, त्यसकारण तँलाई मार्छुभन्दा त्यो मृगी पनि सत्य प्रतिज्ञा गर्छे, झूटो बोल्ने, झूटो साक्षी बक्ने, दान गर्न लाग्दा रोक्ने, परस्त्री र परपुरुषसँग गमन गर्नेलाई जुन पाप लाग्छ, म नआए त्यो पाप मलाई लागोस् भनेर त्यो मृगी पनि गई। त्यसपछि व्याधा पनि भोक, निद्रा, चिन्ता र थकाइले निराश भएर हरे शिव ! भन्दै घरतिर लाग्यो। शीतद्वारा स्नान, केही खाने कुरा नपाएर उपवास, मृगको खोजीमा दौडँदा प्रदक्षिणा, साहुले मन्दिरमा थुनेका हुँदा शिवलिंगको दर्शन, शिवको पूजा गर्न आएका भक्तहरूको दर्शन, ती भक्तहरूले भनेका कथा सुनिएका हुँदा कथाश्रवण, झाडी पन्साउँदा शिवमा विल्वपत्रार्पण, भोक, निद्रा, चिन्ता र थकाइले शिव ! शिव ! भन्दा शिवको भजन, कीर्तन हुँदा व्याधाका हृदयमा सद्बुद्धि पलाएर हा...कष्ट प्राणी हत्या गर्ने मेरो कुन गति होला ! भन्दै आफ्ना दुष्कर्मप्रति पश्चात्तापसमेत गरेरको हुँदा अज्ञानवश भएका शिवरात्रिका व्रतका प्रभावले त्यसका सबै पापराशी भष्म भए।

अनि घर गएर मृग नमार्ने विचार गरी बस्यो। यता मृग र मृगीहरू सबै भेला भए। अनि मृगले मैले व्याधालाई आउँछु भनेर सत्य प्रतिज्ञा गरी आएको छु, म मर्न जान्छु, तिमीहरू राम्रोसँग बसभन्दा मृगीहरूले पनि हामीले पनि सत्य प्रतिज्ञा गरिआएका छौं, हामी पनि जान्छौं। किन कि सत्यभन्दा ठूलो धर्म अर्को केही छैन। भनिएको पनि छ-

अश्वमेधसहस्त्रं च सत्यं च तुलया धृतम्।
अश्वमेधसहस्राद्धि सत्यमेव विशिष्यते॥

अर्थात् अघि हजार अश्वमेध यज्ञ एकातिर र सत्य अर्कातिर राखेर ब्रह्माले जोख्ता सत्य नै गह्रौं भएको थियो। सत्यमा सबै धर्म अडेको छ। त्यसकारण सत्यको पालना गर्नुपर्छ। फेरि पतिविना स्त्रीले बाँच्नुको औचित्य पनि छैन। भनिएको छ :

पतिभन्दा ठूलो धर्म अर्को छैन, धर्मभन्दा ठूलो मित्र कुनै छैन। नारीका लागि पतिभन्दा ठूलो नाथ र परं गति अर्को कुनै छैन। किनभने बुबाले खटाएर दिन्छन्, भाइले र छोराले समेत खटाएर दिन्छन् तर पतिले नखटाइकन सर्वस्व सुम्पिन्छन्। फेरि विधवा भएर बाँच्नु पनि मरण तुल्य नै हुन्छ। त्यसकारण हामी पनि हजुरका साथमा मर्न जान्छौ भने। अनि मृगलाई द्विविधा भयो, म मर्न जाउँ भने बच्चासमेत मृगीहरू पनि मर्ने भए, नजाउँ भने सत्य नाश हुन्छ। बरू छोरा, छोरी, पत्नीको र आफ्नो मरण श्रेष्ठ छ। तर सत्य छोडियो भने प्रलयपर्यन्त रौरवादि नरकमा पर्नुपर्छ। त्यसकारण मर्नु नै असल हो, भनी जाने निश्चय गरी सबै कर्म सन्यास गरी परिवारसमेत व्याधाका घरमा गयो र भन्यो ! हे व्याधा ! लौ हामीलाई मार ! भन्दा व्याधाले भन्यो ! हे मृग ! मैले सबै शस्त्र परित्याग गरें, अब म प्राणीको हत्या गर्दिन। पत्नी पुत्रादिको माया पनि छोडें। तिमी मेरा बन्धु, गुरु रक्षक, माता, पिता, मित्र सबै तिमी नै हौ।

बेलपाती, धूप दीप नैवेद्य, फलफूल, ताम्बुल नीराजन प्रदक्षिणा आदि समस्त उपचारकासाथमा शिवपूजा, शिवप्रदक्षिणा, शिवलिंगको दर्शन, स्पर्शन, शिवनाम जप, कथाश्रवण रात्रिमा जागरण गरी उद्यापनसमेत गरेर ब्राह्मणभोजन गराई शिवरात्रिको व्रतपूर्ण गर्दा ता झन् कति धेरै फल मिल्ला भन्ने विषयमा के बताइरहनु पर्ला र।

त्यस कारण सपरिवार तिमी घरमा गएर सुखपूर्वक बस भनी धनु भाँची मृगलाई प्रदक्षिणा गरेर क्षमा मग्यो। त्यसपछि आकाशमा दुन्दुभि बजे। पुष्पवृष्टि भयो र विमान लिएर देवदूत आए। देवदूतले भने ! हे व्याधा तिमीले जसतसले गर्न नसक्ने गरी शिवरात्रिको व्रत गऱ्यौ। तिमी धन्य छौ। त्यस व्रतका प्रभावले यो विमानमा राखी रुद्रलोकमा लैजान म आएको हुँ। विमानमा बस भने। अनि मृगलाई भने, हे मृग तिमीहरू पनि यस विमानमा बस, किनकि मर्ने डरले र चिन्ताले भए पनि नखाई र नसुती शिरात्रिको व्रत गऱ्यौ। फेरि सत्यको पालन गर्न मृत्युको डर छाडी तिमीहरू व्याधाका अगाडि मर्न उपस्थित भयौ। त्यस कारण तिमीहरू पनि रुद्रलोकमा जान विमानमा प्रवेश गर। तिम्रा नामले मृगशिरा नक्षत्र प्रसिद्ध हुनेछ भनी विमानमा राखी आकाश मार्गबाट लगे।

आकाशमा अहिले पनि तीन तारे वा तीन आँख्ले नामका ताराहरू प्रसिद्ध छन्। व्याधा नामको तिनीहरूभन्दा अलिक ठूलो र चम्किलो तारो पनि आकारमा प्रसिद्ध छ। यसरी अज्ञानवश विना श्रद्धा विना भक्ति हुनगएका शिवरात्रिका व्रतको ता यस्तो ठूलो प्रभाव हुन्छ भने श्रद्धा एवं भक्तिसाथ स्नान, उपवास, चारै प्रहरमा विल्वपत्रार्पण गरी पाद्य अर्घ्य आचमनीय, पञ्चामृत, वस्त्र, यज्ञोपवीत, चन्दन, अक्षता, फूलपाती, बेलपाती, धूप दीप नैवेद्य, फलफूल, ताम्बुल नीराजन प्रदक्षिणा आदि समस्त उपचारकासाथमा शिवपूजा, शिवप्रदक्षिणा, शिवलिंगको दर्शन, स्पर्शन, शिवनाम जप, कथाश्रवण रात्रिमा जागरण गरी उद्यापनसमेत गरेर ब्राह्मणभोजन गराई शिवरात्रिको व्रतपूर्ण गर्दा ता झन् कति धेरै फल मिल्ला भन्ने विषयमा के बताइरहनु पर्ला र। अर्थात् अनन्तकालसम्म शिवलोकमा बास गरी अन्त्यमा मोक्ष पदवी प्राप्त गर्न सकिन्छ। त्यस कारण हामी पनि श्रद्धा एवं भक्तिपूर्वक शिवरात्रिको व्रत गरौं, हाम्रो पनि कल्याण हुन्छ।

झवामांके च विभाति भूधरसुता देवापगा मस्तके ,भाले बालविधुर्गले च गरलं यस्योरसि व्यालराट्। सोऽयं भूतिविभूषणः सुरवरः सर्वाधिपः सर्वदा, शर्वः सर्वगतः शिवः शशिनिभः श्रीशंकरः पातु नः॥ जसका बायाँ काखमा पार्वतीमाता सुशोभित हुनुभएको छ, जसका शिरबाट गंगाजी बहनुभएको छ, जसका निधारमा भर्खर उदाएका चन्द्रमा विराजमान हुनुभएको छ, जसका गलामा कालकूट विषको नीलो चिह्न शोभायमान छ, जसका छातीमा सर्पराज वासुकि लड्किएर सुशोभित भइरहेका छन्, जसको गहना भन्नू नै विभूति छ, अर्थात् जसले गहनाका रूपमा शरीरभरि बिघुत घसेर पनि सुशोभित भइरहनुभएको छ, जो सम्पूर्ण देवतामा श्रेष्ठ हुनुहुन्छ र सबैका अधिपति हुनुहुन्छ, जो सर्वत्र व्याप्त भएर रहनुभएको छ, जसले चन्द्रमा तुल्य चहकिला भएर सबैतिर प्रकाश ज्योति दिइरहनुभएको छ, यस्ता भगवान् शंकरले हामी सबैको रक्षागरी सदासर्वदा कल्याण गरिरहून्।

## गणतन्त्र...

थिए। यही सन्धिले नेपाल भारतको अर्धऔपनिवेशिक राज्य बनाएको थियो। जुन आजपर्यन्त सन्धि कायमै छ। इपिजीको प्रतिवेदन बुझ्न नमानेर भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले नेपाललाई सन् १९५० कै अवस्थामा राखिरहेका छन्।

त्यसबेलाको दिल्ली सम्झौताले नेपालको आन्तरिक राजनीतिमा भारतीय हस्तक्षेप मात्र निम्त्याएन झन्डै एक दशमसम्म देशको राजनीति तरल र अस्थिर बनायो। ०११ सालमा राजा त्रिभुवनको निधनपछि युवराज महेन्द्र नेपालको राजगद्दीमा बसे। नेपाली कांग्रेस र नेपाल कम्युनिस्ट पार्टीले संविधानसभा निर्वाचनको माग गरे पनि राजा महेन्द्रले सुनेनन्। उनले संसदीय निर्वाचन गराउने घोषणा गरे। नेपाली कांग्रेस पनि संविधानसभाको मागबाट पछि हट्यो र निःशर्त संसदीय आमनिर्वाचनमा सहभागी भयो। राजा महेन्द्रले २०१५ सालमा संविधान जारी गर्दा धारा ५५ को प्रावधान व्यवस्थापन गरेर आफूलाई संविधानभन्दा माथि राख्दा पनि नेपाली कांग्रेसले विरोध गरेन। त्यही संविधानअनुरुप संसदीय निर्वाचन भयो। कांग्रेसले दुईतिहाई बहुमत प्राप्त गऱ्यो। कांग्रेस संसदीय दलका नेता बीपी नेपालको पहिलो जननिर्वाचित प्रधानमन्त्री बने। बीपीको राजनीतिक चरित्र सुरुदेखि नै भारतपरस्त थियो। नेपाल छुट्टै स्वतन्त्र राज्य नभएर भारतको प्रशासनिक इकाइ मात्र हो भनेका थिए उनले। नेपालले संयुक्त राष्ट्रसंघको सदस्यता लिन प्रक्रियामा जाँदा बीपीले भारतले सदस्यता लिए पुग्ने नेपालले लिन नपर्ने धारणा सार्वजनिक गरेका थिए।

बीपी प्रधानमन्त्री भएपछि राजा महेन्द्र भारतसँग बढी सशंकित बन्न पुगे। नेपालको उत्तरी सीमामा भारतले राखेको चेकपोस्ट हटाउन बीपीले कुनै पहल गरेनन्। कांग्रेसको एकमना सरकार भ्रष्टाचार गर्न थाल्यो। देश विकासका खाकाहरू कांग्रेस सरकारले कोर्न सकेन। राजनीतिका चतुर खेलाडी राजा महेन्द्रले चीन र भारतको औपचारिक राजकीय भ्रमण गरे। सम्भवतः दुवै देशको समर्थन लिएर कांग्रेस सरकार बनेको १६ महिनामै अर्थात् २०१७ साल पुस १ गते तत्कालीन संविधानको धारा ५५ लाई टेकेर राजा महेन्द्रले सैन्य कु गरे। बीपी, गणेशमान, सूर्यप्रसाद, कृष्णप्रसाद भट्टराई नेताहरूलाई बन्दी बनाउँदै एकदलीय निरंकुश पञ्चायती व्यवस्थाको आरम्भ गरे। तुलसी गिरी, सूर्यबहादुर थापा, विश्वबन्धु थापालगायतका कांग्रेस नेताहरूलाई महेन्द्रले दरबारको पक्षमा खडा गरे। २०१९ सालमा अर्को संविधान ल्याएर राजा महेन्द्रले राजनीतिक दलहरूमाथि प्रतिबन्ध लगाए। पञ्चायती व्यवस्थालाई निर्विकल्प बनाए। ८ वर्षसम्म शान्तिसुरक्षा कानुनअन्तर्गत सुन्दरीजलमा बीपीले बन्दी जीवन बिताए। रिहा भएपछि उनी भारत प्रवास हानिए। २०२८ सालमा राजा महेन्द्रको देहावसानपछि राजा वीरेन्द्र गद्दिसिन बने। उनकै समयमा ०३६ सालमा पञ्चायत विरोधी विद्यार्थी आन्दोलन उठ्यो। त्यसअघि नै पञ्चायती शासनविरुद्ध २०२८–२९ सालमै झापामा किसान आन्दोलन चर्किसकेको थियो। ०३६ सालमा पञ्चायत र बहुदल विषयमा जनमत संग्रहको नाटक रचियो। सुधारिएको पञ्चायती शासन सिँगारिएको बाघ बनेर आयो। ०४६ सालको भारतको सहयोगमा भएको जनआन्दोलने पञ्चायतको अन्त्य र बहुदलीय व्यवस्थाको पुनर्स्थापना गरायो। राजा संवैधानिक बने। ०५२ फागुन १ गतेदेखि माओवादीहरूले भारतकै भरथेगमा जनयुद्ध सुरु गरे। जनआन्दोलन र जनयुद्धको फ्युजनबाट गणतन्त्र स्थापना हुन पुग्यो। एक दशक लामो आन्दोलनमा अरबौंका भौतिक संरचना नष्ट भए भने १७ हजार बढी नागरिकहरू मारिए। घाइते, अपांगको र बेपत्ता पारिएकाहरूको संख्या एकिन छैन। यही क्रुर फागुन १ गतेको दिनलाई सरकारले 'जनयुद्ध दिवस' को नाम दिएर सार्वजनिक बिदा दिइसकेको छ।

२००७ साल फागुन ७ गतेदेखि नेपाल र नेपालीले दुःख पाएका हुन्। त्यसअघि १०४ वर्ष राणा शासनको कहर देशले भोग्यो। निरंकुश राणा शासकको ठाउँ शाह शासकहरूले लिएको दिन हो फागुन ७ गते। धर्मभक्त, गंगालाल, शुक्रराज र दशरथ चन्दलाई फाँसी दिन लालमोहर लगाउने त्रिभुवन नै हुन्। यस्ता क्रुर शासकले शाही घोषणा गरेर प्रजातन्त्र ल्याइदिए भन्नु आफैंमा हास्यास्पद छ। फागुन ७ गते गणतन्त्रका लागि उठेको आन्दोलनको घाँटी निमोठिएको दिन हो। यो दिनलाई कुनै पनि लोकतान्त्रिक विचार राख्नेले सम्झिन हुन्न।

## सांसद...

१० बजे सिलिन्डर विस्फोट हुँदा भण्डारीका आमाछोरा घाइते थिए।

सांसद भण्डारीको २५ प्रतिशत भाग जलेको र आमाको ७० प्रतिशत भाग जलेको डाक्टरहरूले बताएका छन्। दुवै जनाको श्वासनलीमा तातो हावा र धुँवाका कारण जलन भएको हुनसक्ने अध्यधिक सम्भावना रहेको अस्पतालको विज्ञप्तिमा उल्लेख छ।

## श्रमिक...

ध्यान दिनुपर्नेमा जोड दिए। चार दिनसम्म सञ्चालन भएको सम्मेलनमा सचिव अर्यालको नेपालीले प्रतिनिधित्व गरेका थिए। मध्य एशियाली देशहरूमा केन्द्रित रहेर श्रम बजारको अवस्था तथा श्रमिकका हकहितका सम्बन्धमा समुहगत रुपमा भएको छलफल कार्यक्रममा उनले नेपालले दिगो विकास, सेवा प्रवाहमा नविनतम प्रयोग, श्रम बजार, नयाँ प्रविधि, जलवायु परिवर्तनलगायतका विषयमा धारणा राखेका थिए।

नेपाली टोलीले आप्रवासी नेपालीहरूको हकहित संरक्षणमा जोड दिँदै नेपालले हालै वैदेशिक रोजगारका क्षेत्रको सेवा प्रवाहमा गरेको प्रविधिको प्रयोग, सामाजिक सुरक्षामा सबै नेपाली श्रमिकको आबद्धताका विषयमा श्रम गन्तव्य संवेदनशिल हुनुपर्ने धारणा राखेको थियो। कार्यक्रमा न्यायोचित भर्ना, भर्ना प्रक्रियामा देखिएका अनियमितता हटाउने, नेपाली श्रमिकको सामाजिक सुरक्षाका विविध विषयमा गन्तव्य मुलुकका सरकारहरूले ध्यान दिनुपर्नेमा नेपाली टोलीले जोड दिएको छ।

## अखाद्य...

यसको नमुना विश्लेषण तथा कन्साइन्मेन्ट निरीक्षणका लागि खाद्य आयात-निर्यात गुणस्तर प्रमाणीकरण कार्यालयमा पठाएको थियो। भन्सारले पठाएको चामलको नमुना गुणस्तर कार्यालयमा परीक्षण गरिँदा अस्वाभाविक गन्ध आएको र कुहिएको भेटिएको हो।

भन्सारका एक अधिकारीले डब्लूएफपीले आयात गरेको चामलको गुणस्तर ज्यादै खस्केको पाइएको जानकारी दिए। उनका अनुसार भन्सार कार्यालयले पठाएको नमुना गुणस्तर प्रमाणीकरण कार्यालय नेपालगन्जले परीक्षण गरेको हो। गुणस्तर कार्यालयले दिएको रिपोर्टमा चामल कुहिएको, अस्वाभाविक गन्ध पाइएको उल्लेख छ। डब्लूएफपीले ल्याएको चामलका बोरा पानीले भिजेका थिए। यही कारण चामल कुहिएको र अस्वाभाविक गन्ध आएको हो।


## कालो धन...

भन्ने नयाँ व्यवस्था विधेयकमा राखिएको छ। गैरकानुनी रूपमा आर्जन गरेको सम्पत्ति वैध बनाउनेगरी कानुन प्रस्ताव गरिएको विशेष अदालतका पूर्वअध्यक्ष गौरीबहादुर कार्कीले बताए। सर्वोच्च अदालतको संयुक्त इजालासले २०६७ सालमा सम्पत्ति वैध बनाउन स्रोत देखाउनुपर्ने फैसला गरेको थियो। कसैले सम्पत्ति आर्जनको स्रोत देखाउन नसके त्यस्तो सम्पत्ति स्वतः अवैध हुने भए पनि प्रस्तावित विधेयकमा घुमाउरो पाराले वैध बनाउन मिल्ने प्रावधान छ।

प्रस्तावित विधेयकको दफा २८ मा भएको व्यवस्था संशोधन गर्दै सम्पत्तिको स्रोत खुलाउनुपर्ने व्यवस्था गरिएको भए पनि उपदफामा यसलाई काट्नेगरी परस्पर बाझिने प्रावधान राखिएको छ। कुनै व्यक्तिउपर सम्पत्ति शुद्धीकरणसम्बन्धी कसुरको अनुसन्धान सिलसिलामा कसुर भए वा नभएको सम्बन्धमा जाँचबुझ गर्दा सम्बद्ध कसुर भएको नदेखिएको तर त्यस्तो व्यक्तिको सम्पत्ति निजको आयस्रोत वा आर्थिक अवस्थाको तुलनामा अस्वाभाविक देखिएमा वा आफ्नो हैसियतभन्दा बढी कसैलाई दान, दातव्य उपहार, सापटी, चन्दा वा बकस दिएको वा कारोबार गरेको देखिएमा निजको सम्पत्तिको स्रोत माग गर्नुपर्छ।

सम्पत्तिको स्रोत खुलाउन लगाउँदा त्यस्तो स्रोत खुलाउन नसकेको र अनुसन्धान गरिएको व्यक्तिउपर सम्बद्ध कसुर वा सम्पत्ति शुद्धीकरणको कसुरमा मुद्दा चल्ने अवस्था नदेखिएको अवस्थामा सोको अभिलेख राखी स्रोत खुलाउन नसकेको सम्पत्तिको हदसम्म कर निर्धारण तथा असुलीका लागि आन्तरिक राजस्व विभागमा लेखी पठाउनुपर्ने व्यवस्था विधेयकमा प्रस्ताव गरिएको छ। यो कानुनी छिद्रको फाइदा उठाउँदै अवैध सम्पत्ति आर्जन गरेकाले कर तिरेर सहजै त्यस्तो सम्पत्तिलाई वैध बनाउन पाउनेछन्।

हार्दिक श्रद्धाञ्जली



जन्म
२० फागुन १९८४

स्वर्गारोहण
१४ माघ २०७९

स्वर्गीय ःश्री बासुदेव ढकाल

हामीहरुका प्रातः स्मरणीय योगाचार्य, वरिष्ठ साहित्यकार तथा उत्तरी धुब्र प्रदेश भ्रमण गर्ने प्रथम नेपाली श्री बासुदेव ढकालको स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्यतिथिमा उहाँको दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हामीहरु प्रति समवेदना प्रकट गर्ने सम्पूर्ण मान्यजन, आफन्त, मित्र, शुभेच्छुक तथा विभिन्न संघ संस्थाहरुलाई हार्दिक धन्यवाद् ज्ञापन गर्दछौं ।

छोरा/बुहारीहरु
उपेन्द्र/निर्मला ढकाल
देवेन्द्र ढकाल/....
सुरेन्द्र ढकाल/....
..../इन्दिरा ढकाल

छोरी/ज्वाईहरु
मीना/मदन प्याकुरेल
चंचल चाँदनी/उमेश गौतम
शैलिनी/सुनिल पौड्याल

नाती/नातिनी बुहारीहरु
उपज/सुनिता पोखरेल
निरज/मिलन ढकाल
धिरज/इरम ढकाल
ओमढकाल

नातिनी/नातिनी ज्वाइँ
समृद्धि/आनन्द अयर
प्राप्ती/आशिष ज्ञवाली
सुमोना ढकाल

नातीहरुः श्रीमन गौतम, योग पौड्याल